# तपाईको मण्डलीलाई सुदृढ गर्ने :
## प्रभाव पार्ने मण्डली हुनु

कार्यशाला सहजकर्ताको लागि निर्देशिका

**विवरण**

तपाईको मण्डलीलाई शसक्त बनाउने कार्यशालाले मण्डलीको अगुवाहरुलाई परमेश्वरको एजेन्टको रुपमा तिनका कामहरु कुनै निर्धारित स्थानमा विश्वासी समूदायलाई केन्द्रित गराउन सक्ने बनाउँछ। यो कार्यशालाले वाइवलले परिभाषित गरेको दर्शनको महत्वलाई प्रस्तुत गर्दछ, अगुवाहरुलाई स्वस्थ मण्डलीको दश वटा विशेषताहरु परिचित गराउँछ, र अगुवाहरुलाई आफ्नो मण्डलीलाई समूदायमा उल्लेख्य प्रभाव पार्न सक्ने व्यवस्थाको रुपमा हेर्न निमन्त्रणा गर्दछ।

multiplication network

*more churches, stronger churches*

### सहजकर्ताको लागि निर्देशिनहरु

तपाईको मण्डलीलाई शसक्त बनाउने कार्यशालाले मण्डलीको अगुवाहरुलाई परमेश्वरको एजेन्टको रुपमा तिनका कामहरु कुनै निर्धारित स्थानमा विश्वासी समूदायलाई केन्द्रित गराउन सक्ने बनाउँछ। यो कार्यशालाले वाइवलले परिभाषित गरेको दर्शनको महत्वलाई प्रस्तुत गर्दछ, अगुवाहरुलाई स्वस्थ मण्डलीको दश वटा विशेषताहरु परिचित गराउँछ, र अगुवाहरुलाई आफ्नो मण्डलीलाई समूदायमा उल्लेख्य प्रभाव पार्न सक्ने व्यवस्थाको रुपमा हेर्न निमन्त्रणा गर्दछ।

यो निर्देशिकाले थप सामाग्रीहरु र आफ्नो मण्डली वा अन्य मण्डलीहरुमा कार्यशालालाई अगुवाई गर्न इच्छा गर्ने मानिसहरुलाई सुझाव उपलब्ध गराउँछ। यदि तपाईलाई यो कार्यशाला अगुवाई गर्न सहयोग चाहिएमा कृपया तपाईको देशमा (सूचि हाम्रो वेभसाइटमा उपलब्ध छ) भएको बृद्धि संजाल सेवकाई (MNM) को कुनै एकजना प्रतिनिधिलाई सम्पर्क गर्नुहोस्। बृद्धि संजाल सेवकाइले मण्डली स्थापनाको बारेमा दुईवटा तालिमहरु दिँदछः स्वस्थ मण्डली स्थापना र मण्डली स्थापकको रिट्रिट। तपाईले यस्को जानकारी हाम्रो वेभसाइट वा सँजाल प्रतिनिधिबाट पाउन सक्नुहुनेछ।

कार्यशालाको अगुवाहरुको लागि स्रोतहरुः
१. सहजकर्ताको लागि निर्देशिका
२. सहभागीको लागि निर्देशिका
३. पावरप्वाइन्ट स्लाइड (सिडि वा हाम्रो वेभसाइटमा उपलब्ध छ)
४. सर्वाङ्गिण मण्डली विकास तालिमकर्ताबाट सहायता (सम्पर्क व्यक्तिको जानकारीको लागि हाम्रो वेभसाइटमा जानुहोस्)

## यो निर्देशिकालाई कसरी प्रयोग गर्ने

यो निर्देशिकाले कार्यशालामा सहभागीहरुलाई अगुवाइ गर्न सक्षम बनाउँछ। प्रत्येक पानाले सहभागीको लागि निर्देशिकाको मूख्य पानामा दिएको कुरा र अगुवाहरुको लागि जानकारी मार्जिन वा सोहि निर्देशिकामा सानो अक्षरमा देखाउँछ। सहभागीको निर्देशिकाको लागि जवाफ यो निर्देशिकामा दिईएको छ तर तिनिहरु तल धर्का (उदाहरको लागिः परमेश्वर) र साथै पानाको अन्तमा दिइएको छ।

प्रत्येक सेसनको लागि, समयले भ्याएसम्म यो निर्देशिकाले सहभागीहरुले जोडीमा वा सानो समूहहरुमा जवाफ दिन सकिने प्रश्नहरु उपलब्ध गराँउछ। प्रत्येक सेसनमा सबै प्रश्नहरुमा छलफल गर्नको लागि सहभागीहरुलाई समय प्रशस्त हुने छैन, त्यसैले हामी सहजकर्ताहरुलाई सबैभन्दा सान्दर्भिक प्रश्नलाई छान्नको लागि प्रोत्साहन गर्छौं ताकि सहभागीहरु सक्रिय रुपमा संलग्न हुन सकुन्।

हामी प्रत्येक प्रशिक्षकलाई उसको वा उनको आफ्नै अनुभवहरु, चित्रहरु र उदाहरणहरुको उपयोग गरि अझ राम्रो बनाउन प्रोत्साहन गर्दछौं।

प्रस्तावित तालिका

हामीले एक दिने कार्यशालाको लागि तालिका प्रस्तावित गरेका छौं। तरैपनि, हामी तपाई र तपाईको सहभागीहरुको लागि सबैभन्दा उत्तम हुने अनुसार तालिकालाई परिमार्जन गर्नको लागि प्रोत्साहन गर्दछौं। तपाईले चार हप्ताको (प्रत्येक हप्ता एउटा सेसन) लागि कार्यशाला गर्न सक्नुहुन्छ वा खर्च कम गर्नको लागि शुक्रबार साँझ र शनिवार विहान गर्न सक्नुहुन्छ।

प्रत्येक सेसन एक र आधा घण्टाको लागि योजना गरिएको छ । कृपया अन्तमा सहभागीहरुको लागि मूल्याँकन फारम भर्नको लागि प्रशस्त समय दिनुहोस् ।

सम्भव भएमा, तपाईको कार्यशालाको डिजिटल फोटो खिँच्नुहोस् र तपाईको कार्यक्रमको प्रतिवेदन सँगै बृद्धि संजाल सेवकाइलाई इमेल गर्नुहोस् (हामीले तपाईबाट चाहेको जानकारीको लागि प्रतिवेदन फारमको लागि हाम्रो वेभसाइट हेर्नुहोस् वा यो निर्देशिकाको पाना ३१लाई हेर्नुहोस्) ।

## कार्यशालाको सामाग्रीहरु

हाम्रो लक्ष्य यो कार्यशाला सम्भव भएसम्म धेरै अगुवाहरुको माझमा थोरै मूल्य वा सित्तैमा उपलब्ध गराउने हो । तपाईले यो निर्देशिकालाई स्थानिय रुपमा फोटोकपी गर्न सक्नुहुनेछ र खाजा तथा खानाको व्यवस्था गर्नको लागि संलग्न मण्डली(हरु)सँग काम गर्न सक्नुहुनेछ ।

यो सामाग्री प्रयोग हुने सन्दर्भ सुहाँउदो बनाउन चित्र तथा स्टाइलहरु सहितको फरक कभर बनाउन स्वतन्त्र हुनुहोस् ।

## बृद्धि संजाल सेवकाइहरु

सबै वाइवलीय सन्दर्भहरु नयाँ अन्तराष्ट्रिय संस्करणबाट लिईएको छ,
कपिराइट १९७३, १९७८, १९८४

## विषयवस्तुहरु

**सेसन १**
जोश, दर्शन, मिशन......................................३

**सेसन २**
स्वस्थ मण्डलीको पाँच प्रतिबद्धताहरु.....................७

**सेसन ३**
स्वस्थ मण्डलीको पाँच कार्यहरु..........................१५

**सेसन ४**
रुपान्तरण व्यवस्था.....................................२४

**सेसन ५**
ईश्वरशास्त्रीय आधारहरु................................३१


मूल्याँकन फारम.......................................३३

सर्टिफिकेट.............................................३५

| प्रस्तावित तालिका | |
|---|---|
| दर्ता र स्वागत | |
| आराधनाको समय | ३० मिनेट |
| सेसन १ | ६० मिनेट |
| सेसन २ | ६० मिनेट |
| विश्राम | |
| सेसन ३ | ६० मिनेट |
| सेसन ४ | ६० मिनेट |
| प्रश्नोत्तर सेसन,मूल्याँकन, कार्यक्रममको अन्त्य | |

# सेसन १

# जोश, दर्शन, मिशन




## सर्वाङ्गिण मण्डली वृद्धि भनेको के हो ?


मण्डली वृद्धि त्यत्तिबेला स्वस्थ हुन्छ जब सदस्यहरु वा सहभागीहरुको संख्या वृद्धिको लागि मात्र नभई मण्डलीको जीवनको सबै आयामहरुमा प्रगतिको लागि अग्रसर हुँदछ । स्वस्थ विश्वासी समूदायले आफैलाई संसार, मानवता र ब्रम्हाण्ड प्रति परमेश्वरको उद्देश्यको फराकिलो ढाँचा भित्र -जीवनको सबै आयामहरुमा नवीकरण आफैलाई राखेर हेर्दछ । मण्डलीले परमेश्वरको शासनलाई शुरुवाटको रुपमा लिँदछ र येशू खीष्टको सुसमाचारको प्रभावद्धारा जीवनको सबै क्षेत्रहरु(घर, समूदाय, काम, आदि)मा खीष्टको शरीर हुनको लागि खोजी गर्दछ ।

## मण्डलीको सर्वाङ्गिण वृद्धिको लागि ढाँचा

यो सेसनले उहाँले हामीलाई दिनुभएको बोलावटलाई पूरा गर्नको लागि परमेश्वरसंग आराधनामय सम्बन्धको आवश्यक्तालाई सम्झना गर्न सहायता गर्दछ । जब हामी परमेश्वरको कामको लागि जोशिलो हुन्छौं, परमेश्वरले हामीले के गरेको चाहनुहुन्छ र हामीद्धारा के गर्न चाहनुहुन्छ भनी हामीले दर्शनको बिकास गर्छौं । जब हामी परमेश्वरको बोलावटमा आज्ञाकारी भएर प्रतिक्रिया जनाउँछौं, मण्डली मिशनको लागि संसारतर्फ बाहृय फर्कंदछ । यो तब मात्र हुन्छ जब हामीले वाइवलले हामीलाई परमेश्वर, मण्डली र हाम्रो समूदाय बीचको सम्बन्धको बारेमा के सिकाँछ भनी हामी बुझ्छौं ।

## अभ्यास । थोप्लाहरु जोड्नु

तपाईको कलमलाई नउठाइकन सबै थोप्लाहरुलाई ४ वटा धर्काहरुद्धारा जोड्ने प्रयत्न गर्नुहोस् ।



यो सेसन स्वस्थ मण्डली वृद्धिको व्याख्या द्धारा शुरु हुन्छ ।

**एकापट्टि पाउरोटी र अर्कोपट्टी दुध ।** मण्डली वृद्धि विधि र सन्दर्भ अनुसार रणनितिहरुलाई अवलम्बन गर्नुको महत्वको बारेमा वर्णन गर्नुहोस् ।

धेरै वर्ष अगाडी अमेरिकामा भएको किराना पसलहरुले मानिसहरुलाई धेरै किन्न लगाउने रणनिति पत्ता लगायो । मानिसहरु पसलमा केहि निर्धारित आधारभूत थोकहरु किन्नको लागि पसलमा आँउथ्यो, जस्तैः पाउरोटी र दुध, तर तिनीहरुले धेरै किन्छन् यदि अरु थोकहरु भएर गुज्रन्छन् र विशेष अफरहरुको वीचमा उभिन्छन् भने । हिजोआज किराना पसलहरुले मानिसहरुले किनमेल गर्दा अझ धेरै किनुन् भनेर सबै प्रकारको अध्ययनहरु गर्छन्, तिनीहरुले बजाउने संगीतद्धारा (ढिलो संगीत ताकी मानिसहरु ढिलो हिडुन्), तिनीहरुले सामानहरु राख्ने तरीका (तिनीहरुले सबै भन्दा बढी बेच्न चाहेको थोक क्रेताहरुको आँखाको नजीक राख्ने) ।

यदि किराना पसलले धेरै थोकहरु बेच्नको लागि मानिसहरुले कसरी किनमेल गर्छन् भनेर अध्ययन गर्न धेरै समय लगाउँछ भने, के हामी ईसाइहरुले मानिसको बारेमा र तिनीहरुले कसरी व्यवहार गर्छन् जति सक्दो धेरै सिक्नु पर्दैन र ? ताकि अझ प्रभावकारी तरीकाले तिनीहरुलाई खीष्टलाई थाहा गर्न सकुन् र उहाँको मानिसको एक भाग हुन सकुन् भनि निमन्त्रणा गर्न सकियोस् ? तरैपनि खीष्टको जीवनको आधारभूत सन्देश कहिल्यै पनि परिवर्तन हुँदैन जबकि संस्कृति र मानिसहरुले केहि कुरा गर्ने शैली परिवर्तन हुन्छ । त्यसैले सुसमाचार प्रचार गर्ने हाम्रो विधि र रणनितिहरु परिवर्तन गर्नु खाँचो हुन्छ ताकि हामीले खीष्ट प्रचार गर्ने सन्दर्भसँग मेल खान सकोस् ।

**थोप्लाहरु जोड्नु**

मानिसहरु समस्या समाधान गर्नको लागि तिनीहरुले थोप्लाहरु भएको स्थान भन्दा माथि धर्काहरु बनाउनुपर्ने हुन्छ भनि पत्ता लगाउँदा सँधै नै अचम्म मान्छन् । कहिले कांहि परमेश्वर प्रति विश्वासयोग्य हुनको लागि हामीले साच्ने तरीकालाई विस्तार गर्नुपर्ने हुन्छ - “बाकस भन्दा बाहिर विचार गर्नु” - हामी सबै जनासँग मानसिक “थोप्लाहरु” र हाम्रो मिशन प्रति विश्वासयोग्य भईरहन र हाम्रो सेवकाईबाट असल परिणाम हेर्न बञ्चित गर्ने सेवकाईको दर्शनशास्त्रहरु हुन्छन् भनी थाहा गर्नु महत्वपूर्ण हुन्छ ।

## दर्शन

दर्शन देख्नु भनेको भविष्यतर्फ हेर्नु र परमेश्वरको उद्धारको उद्देश्यलाई हासिल गर्नको लागि परमेश्वरले तपाईद्धारा के गर्न चाहनुहुन्छ भनी देख्नु हो ।

- आईग्लासको भूमिका।
- वाइवलीय उदाहरण : धर्मशास्त्रमा परमेश्वरले तिनिहरुले के गर्न चाहनुभएको छ र तिनिहरुद्धारा के गर्न चाहनुहुन्छ भनी दर्शन भएका अगुवाहरुको धरै उदाहरणहरु छन् ।

  १.अब्राहामले धेरै सन्तानहरु पाउने, तिनिहरुको निम्ति भूमि पाउने, र संसारको लागि आशिष हुने : उत्पत्ति १२:१-३

  २.नोआले बाढीको समयमा उनको परिवार र जनावहरु सुरक्षित राख्ने : उत्पत्ति ६:१३-१४, १७-२० ।

  ३.यहोशू र कालेबले इस्राएलीहरुलाई प्रतिज्ञा गर्नुभएको भूमिमा प्रवेश गर्ने : गन्ती १४:६-९ ।

  ४. पावलले रोमी साम्राज्यभरी अन्यजातिहरुको बिचमा सुसमाचार प्रचार गर्नेः प्रेरित २६:१३-१८ ।


  ५. येशूले निको पार्ने, आशा र स्वतन्त्रता दिने : लुका ४:१८-१९ ।

- एउटा स्वस्थ मण्डलीको शुरुवाट स्पष्ट र उत्साह दिने दर्शनद्धारा हुन्छ ।
- निर्माताहरुको उदाहरण

के तपाई परमेश्वरको राज्य निर्माण गर्ने काममा सहकर्मी हुन चाहनुहुन्छ ?
तपाईले पहिलो ईंटा कहिले बिछ्याउनुहुनेछ ?

> *"विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ ।" हिब्रु ११:६*
>
> *"मानिसको हृदयमा धेरै योजनाहरु हुन्छन्, तर परमप्रभुकै उद्देश्य विजयी रहन्छ ।" हितापदेश १९:२१*

**चित्र ।** परमेश्वर - मण्डली - समूदाय बिचको सम्बन्ध




भविष्य - परमेश्वर - आफै/मण्डली - समुदाय

**दर्शन ।** प्रमुख लक्ष्य यो हो कि अगुवाहरुले वाइवल आधारित, स्पष्ट, र प्रेरणादायी दर्शनको महत्वको बारेमा अगुवाहरुले बुझ्नु जसले अरुहरुलाई परमेश्वरले तिनीहरुको स्थानमा गरिरहनुभएको कार्यहरुमा परमेश्वरसँग हातेमालो गर्न परिचालन गर्छ ।

**आईग्लासको भूमिका ।** एक जना केटा जसलाई चस्माको खाँचो थियो उ एकदम आश्चर्य चकित भयो जब उनले पहिलो पटक चस्मा लगायो र उसले अझ राम्रो देख्न सकेको थाहा गर्‍यो । वाइवलले आईग्लासले जस्तै काम गर्छ । जब हामी धर्मशास्त्रद्धारा कुराहरुलाई हेर्छौं (आफै, हाम्रो जीवनको अवस्थाहरु, हाम्रो छिमेकीहरु), हामीले सबै अझ धेरै स्पष्ट देख्छौं । हामीले हाम्रो जीवन र समुदाय प्रति परमेश्वरको सोचलाई ग्रहण गर्न शुरु गर्छौं ।

**वाइवलीय उदाहरण ।** दर्शनको वाइवलीय व्याख्या विनाको मण्डली चाँडै नै सामाजिक क्लब, सामाजिक सेवा संस्था, वा आत्मिक "फास्टफुड रेस्टुरेन्ट" बन्न पुग्छन् जहाँ हामीले चाहेको कुरा हामीले पाउन सक्छौं । त्यसविपरित, परमेश्वर प्रति विश्वासयोग्य हुन, हामीले हाम्रो जीवनलाई परमेश्वरले हामीलाई के भन्नुभएको छ भन्ने विश्वासी समुदाय हुन व्यवस्थित हुन खाँचो हुन्छ । हामीले हाम्रो समूदायहरु र समाजहरुलाई परमेश्वरको दृष्टिले हेर्नु आवश्यक छ । परमेश्वरले हामीलाई के हुन र के गर्न बोलाउनुहुन्छ ?

**निर्माणकर्ताको उदाहरण ।** एक दिन एकजना मान्छेले तिनजना मानिसलाई भेट्यो जो ढुंगा काट्ने काम गरिरहेको थियो र तिनीहरुलाई तिनीहरु के गरिरहेको थियो भनेर सोध्यो । पहिलोले भन्यो, "जीवीकाको लागि कमाईरहेको"। दोस्रोले जवाफ दियो, "ढुंगा काट्ने काम गरिरहेको छु ।" तेस्रोले जवाफ दियो,"म यो शहरले कहिल्यै नदेखेको सबै भन्दा सुन्दर भवन बनाउँदै छु "। धेरैजसो मण्डलीमा हामीले गरेको कामहरुको बारेमा हाम्रो काम प्रति परमेश्वरको वृहत दर्शनलाई नहेरी : जीवनहरु, परिवारहरु, र येशु ख्रीष्टको सुमाचारद्धारा परिवर्तन भएका समाजहरु, क्षणभरको कार्यको रुपमा मात्र विचार गर्छौं - बालसंगतिको पाठ तयार, खाँचोमा परेका परिवारलाई एक छाक खुवाउने, भेटी झोलामा भेटी हाल्ने ।

**परमेश्वर, मण्डली र समुदाय वीच सम्बन्ध ।** यो खण्डले परमेश्वर, मण्डली र त्यसको समुदायको वीचको सम्बन्धलाई क्रमिक रुपमा वर्णन गर्छ । जसै तपाईले सहभागीहरुलाई प्रत्येक खण्डहरुद्धारा अगुवाई गर्नुहुन्छ, तपाईको आफ्नै सेवकाईहरुबाट उदाहरणहरु प्रयोग गर्नुहोस् जसले प्रत्येक बुँद्धाहरुलाई देखाउँछ ।

यो चित्रले एउटै चित्रमा ३ वटा सम्बन्धहरुलाई प्रस्तुत गर्दछ :

### १. मण्डली र परमेश्वर विचको सम्बन्ध

**सिद्धान्त ।** कुनै पनि समुदायको लागि त्यसको समुदायमो प्रभाव पार्नको लागि परमेश्वरसँगको गहिरो सम्बन्धमा भन्दा कुनै पनि कुरा महत्वपूर्ण हुँदैन ।

> *"दाखको बोट म हुँ, तिमीहरुचाहिं हाँगाहरु हौ । यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरु केही गर्न सक्दैनौ । " यूहन्ना १५:५*
>
> *"परमप्रभुले नै घर नबनाउनुभए त। बनाउनेहरुले गरेको परिश्रम व्यर्थ हुन्छ । परमप्रभुले सहरको रक्षा नगर्नुभए त, पालेहरुले गरेको रखवाली व्यर्थ हुन्छ ।" भजनसंग्रह १२७:१*

### २. परमेश्वर र समुदाय विचको सम्बन्ध

**सिद्धान्त ।** परमेश्वर संधै हाम्रो वरीपरी काम गरिरहनुभएको छ । उहाँ कुनै पनि स्थानमा धेरै अघि नै पहिलो प्रचारक वा मिशनरी आइपुग्न अघि हुनुहुन्छ ।

येशूको देहधारणको नमूना - फिलिप्पी २:५-८

> *"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।" यूहन्ना ३:१६*
>
> *"येशू समस्त सहरहरु र गाउँहरुतिर तिनीहरुका सभाघरहरुमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरु निको पार्दै हिँड्नुभयो ।" मत्ती ९:३५*

### ३. विश्वासी र तिनीहरुको समुदायको विचको सम्बन्ध

**सिद्धान्त ।** परमेश्वर हामीद्धारा काम गर्न चाहनुहुन्छ । हामीहरु उहाँका हातहरु हौं र यो संसारमा खुट्टाहरु र आवाज हौं । महान कुराहरु हासिल गर्न अघि, हामीहरु सानो कुराहरुमा विश्वास योग्य हुनुपर्छ ।

> *येशूले आफ्नो पितालाई भन्नुभयो, "जसरी तपाईले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरुलाई संसारमा पठाएको छु ," यूहन्ना १७:१८*

**मण्डली र परमेश्वर वीचको सम्बन्ध ।** सहभागीहरुलाई मण्डलीको परमेश्वरसँग सम्बन्धको बारेमा मुख्य पदहरु पढ्न लगाउनुहोसे । यो सम्बन्ध मण्डलीको पहिचान, दर्शन र जोशलाई कायम राख्नको लागि प्रमुख हो । हाम्रो जीवन परमेश्वरबाट आउँछ । हामी उहाँमा भर परेनौं भने हामीले कहिल्यै हाम्रो मिशन पूरा गर्न सक्दैनौं । सबै भन्दा महान् प्रचारकहरु, पास्टरहरु र मण्डली स्थापकहरु महान् हुनुको कारण तिनीहरुले परमेश्वरसँगको आफ्नो सम्बन्धलाई सुमधुर बनाए । प्रार्थना र धर्मशास्त्र मननद्धारा परमेश्वरमा समय बिताउनु उहाँलाई चिन्न, उहाँको ईच्छा थाहा गर्न र उहाँको सेवा गर्नको लागि सामर्थ्य प्राप्त गर्न हाम्रो लागि अपरिहार्य छ ।

**परमेश्वर र समुदाय वीचको सम्बन्ध ।** परमेश्वर र समुदाय वीचको सम्बन्धसँग सम्बन्धित पदहरु पढ्नुहोस् । परमेश्वर हराएको प्रति चिन्तित हुनुहुन्छ । येशूको सेवकाईमा, उहाँ हराएको मानिसहरुकहाँ, विरामीकहाँ, त्यागिएकाकहाँ तिनहरुलाई निको पार्न र पुर्नस्थापन गर्न जानुभयो । हामी त्यहाँ पुग्न अघि नै परमेश्वर मानिसहरु र समाजको माझमा पनि काम गर्दै हुनुहुन्छ । उहाँले हामीलाई उहाँले गर्दै आउनुभएको कुरामा सहाभागी हुन बोलाउनुहुन्छ, र जसै हामी मानिसहरुको माझमा सुसमाचार लिएर जान्छौं उहाँ हामीद्धारा काम गर्नुहुन्छ ।

**मण्डली र समुदाय वीचको सम्बन्ध ।** अन्त्यमा, मण्डली र त्यसको समुदाय वीचको सम्बन्धसँग सम्बन्धित पदहरु पढ्नुहोस् । परमेश्वरले उहाँले हामीलाई राख्नुभएको समाजमा उहाँको हातहरु, पाउहरु र आवाजहरु हुन हामीलाई बोलाउनुहुन्छ । कसैलाई कुनै एउटा मण्डलीको उदाहरण दिनको लागि भन्नुहोस् जसले आफ्नो सम्बन्धलाई परमेश्वरसँग सुमधुर बनाएको छ र साथै त्यो तिनीहरुको समाजमा परमेश्वरको हातहरु र पाउहरु हुन् ।


*"परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरुलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ , कैदीहरुलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरुलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरुलाई स्वतन्त्र गराउनका निम्ति,"*

*लुका ४:१८-१९*

*"मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर । तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुशीमा सहभागी हो ।"*

*मत्ती २५:२१*

**चित्र ।** जोश, दर्शन, मिशन




जब मण्डली परमेश्वरसँग ठिक सम्बन्धमा हुन्छ, उसमा परमेश्वरको मिशनकोलागि जोश हुन्छ । जब मण्डलीले समुदाय प्रति परमेश्वरको योजनालाई बुझ्दछ मण्डलीसँग दर्शन हुन्छ । त्यसपछि विश्वासीहरु मण्डलीको मिशनलाई समुदायमा पुरा गर्नको लागि तयार हुन्छ । परमेश्वरको आशिषले मण्डलीलाई बृद्धि गर्दछ जब उसले वचनको साक्षी दिँदछ र समुदायमा काम गर्दछ ।

**निष्कर्श :**

फ्लोरेन्स चाडविकको कथा, जुलाई ४, १९५२, कटालिना टापु ।

**चुनौति :**

***यदि आज नभए कहिले ? यदि म होइन भने, को ?***

**जोश, दर्शन, मिशन ।** यो खण्डले अवधारणालाई चित्रद्धारा वर्णन गर्छ जसले मण्डलीको मिशनलाई सारांश बनाउँछ । चित्रलाई यस प्रकारले व्याख्या गरिको छ :

१. परमेश्वरसँग उसको सम्बन्धको कारण उहाँको सेवा गर्नको लागि मण्डलीसँग **जोश** छ । समुदायले यो जोशलाई कार्यमा देख्छ जसले मण्डलीको साक्षीको काम गर्छ ।

२. परमेश्वर समाजमा कार्यरत हुनुहुन्छ, र मण्डलीले यो दर्शनलाई पक्रन्छ जसै परमेश्वरले संसारमा के गर्दैहुनुहुन्छ भनी बुझ्दछ । यसले मण्डलीलाई **उद्देश्य**को चेतना प्रदान गर्छ ।

३. परमेश्वरले मण्डलीलाई त्यसको समाजमा मिशनमा पठाउँछ र मण्डलीले आज्ञापालन गरे अनुसार उहाँले आशिष थपिदिनुहुन्छ ।

४. सबै कुराहरु क्रुस र येशु ख्रीष्टको सन्देशको वरीपरी घुम्दछ ।

**फ्लोरेन्स चाड्विकको कथा ।** सन् १९५२ जुलाई ४ को विहान, फ्लोरेन्स चाड्विक चिसो पानीको यात्रा काटालिना टापुबाट क्यालिफोर्नियाको किनारमा पौडिन प्रयत्न गर्नको लागि हिड्यो-२२ माईलको दुरी । उनले यतिबेलासम्म धेरै नहरहरु, खोलाहरु र नदीहरु तरिसकेको थियो । तर यो पटक अवस्था फरक थियो । पानी एकदम चिसो थियो र कुहिरोले उनलाई धेरै टाढासम्म देख्न दिएको थिएन । १५ घण्टाको पौडी पछि, फ्लोरेन्स एकदम थाकेको थियो र उनलाई पक्ष्याइरहेको मानिसहरुलाई आफूलाई उठाएर कुनै एउटा डुङ्गामा चढाउन भन्यो । उनको आमा र प्रशिक्षकले निरन्तरता दिन भन्यो । तर केहि समय पछि आफ्नो लक्ष्यमा पुग्न नसकि हार मान्यो । जब डुङ्गा किनारमा आईपुग्यो, उनले थाहा पायो कि जब उनले हार मान्यो उ गन्तव्य पुग्न ७०० मिटर मात्र बाँकी थियो । एकदम निराश फ्लोरेन्सले बयान दियो कि यदि तिनले गन्तव्यको किनारलाई देख्न सकेको भए जस्तै सुकै चिसो र थकान भएता पनि पुरा गर्ने थियो तर कुहिराले गर्दा उनले देख्न सकेको थिएन । केहि महिना पछि फ्लोरेन्स काटालिना टापुमा फर्क्यो र फेरी त्यो साहसी काम पुन प्रयत्न गऱ्यो । पानीको चिसोपन र कुहिरो पहिले जस्तै वा पहिलेको भन्दा अझ खराब थियो,तरपनि उनले क्यालिफोर्नियाको किनारसम्म पौड्यो । जब उनलाई तिनले कसरी गर्न सम्भव भयो भनि सोधियो, उनले जवाफ दियो, "यो पटक किनार पहिले नै मेरो हृदयमा थियो ।"

हामी ईसाइ अगुवाहरुको लागि प्रश्न पनि यहि नै हो : के हाम्रो समाजको लागि हाम्रो हृदयमा परमेश्वरको दर्शन छ ? के हामी हुरी बतास र छालको विरुद्धमा लडाई गर्न तयार छौं ताकि परमेश्वरले हाम्रो लागि राख्नुभएको उद्देश्यलाई प्राप्त गर्न सकौं ?

# सेसन २


# स्वस्थ मण्डलीको पाँचवटा प्रतिवद्धताहरु

## परिचय

यो सेसनले स्वस्थ मण्डलीको पाँच प्रमूख प्रतिवद्धताहरुको बारेमा विवरण दिँदछ :

१. स्पष्ट र प्रेरणादायी दर्शन
२. परिचालित अगुवापन
३. अभिप्रेरित सेवा समूह
४. स्रोतको सहि भण्डारेपन
५. खण्ड र सन्दर्भ विचको समायोजन

यी तत्वहरुलाई बुझ्नाले अगुवाहरुलाई रणनैतिक योजना बनाउन र तिनीहरुको सेवकाईको मूल्याँकन गर्न सहयोग मिल्दछ ।




**उदाहरण ।** रेल्वे ट्र्याकमा भएको मानिस

स्वस्थ र बृद्धिभएको मण्डली हुनको लागि हामीले मण्डली जीवनको सबै भागहरु र सेवकाई(पाँचवटा प्रतिवद्धताहरु र पाँचवटा कार्यहरु)लाई ध्यान दिनै पर्छ ।

**चित्र ।** "स्वस्थ मण्डलीको अपरिहार्य चिन्हहरु"

पाँचवटा
प्रतिवद्धताहरु




**रेलको पटरीमा मान्छे ।** एक जना मानिस थियो जो एक दिन रेलको पटरीमा हिँडिरहेको थियो । उसले महशूस गऱ्यो कि पटरी आफ्नो मूनि हल्लिन शुरु गऱ्यो, तर उसले कुनै पनि रेल देखेन, त्यसैले उ निरन्तर हिँडिरह्यो । त्यसपछि उसले रेलको आवाज सुन्यो जुन एकदम नजिकबाट झैं सुनिन्थ्यो, तर उसले आफ्नो अगाडी कुनै पनि रेल देखेन, त्यसैले उसले निरन्तर हिँडिरहने निर्णय गऱ्यो । एकछिन पछि के भयो होला ? उसलाई रेलले हान्यो जुन उसको पछाडीबाट आएको थियो । त्यो मानिसले आफ्नो आँखाहरुमा माथि भरोसा गरिरहेको थियो र उसले थाहा गर्न सकेन कि रेल पछाडीबाट उ तर्फ आईरहेको थियो । हाम्रो वरीपरी भएको चिन्हहरुलाई ध्यान दिन नसक्दा विनाशकारी परिणाम भोग्नुपर्ने हुन्छ । त्यस्तै प्रकारले विश्वासी समुदायमा एक दुईवटा पक्षहरुमात्र नभई मण्डलीको जीवनमा के भईरहेको छ भन्ने सबै प्रकारका चिन्हहरुलाई विचार गर्नुपर्छ ।

सेसन २ र ३ को प्रमुख कुरा यो हो कि स्वस्थ र हुर्किरहेको मण्डलीमा, मण्डली जीवनको सबै भागहरुलाई विकास गर्नको लागि हामीले हेरविचार गर्नुपर्ने हुन्छ । अन्यथा सम्पूर्ण मण्डलीले कष्ट भोग्नुपर्ने हुन्छ ।

स्वस्थ मण्डलीको १० वटा क्षेत्रहरु (सेसन २ मा ५ वटा प्रतिवद्धताहरु र सेसन ३ मा ५ वटा कार्यहरु) सबै एक आपसमा अन्तर सम्बन्धित छन् र विश्वासी समुदायको परिपक्वता जस्तो सुकै स्तरको भएतापनि मण्डलीहरुको लागि सबै महत्वपूर्ण पनि छन् ।

प्रत्येक तत्व र कार्यहरुको वर्णन पछि, सहभागीहरुले आफ्नो मण्डलीको मूल्याँकन गर्नको लागि प्रतिक्रिया जनाउन सक्ने केहि तथ्यहरु छन् ।

## १. स्पष्ट र प्रेरणादायी दर्शन । १ पत्रुस २:९, १२

**स्पष्ट र प्रेरणादायी दर्शन ।** दर्शनको वाइवलीय र ईश्वरशास्त्रीय पक्षहरु - परमेश्वरले मण्डलीलाई के हुन र के गर्न बोलाउनुहुन्छ - सेसन १ मा प्रस्तुत गरिएको छ । यहाँ हामी स्थानीय मण्डलीमा दर्शन कथनको भूमिकाको बारेमा हेर्नेछौं । दर्शन कथनको प्रमुख पक्षहरु यो हो कि परमेश्वरले वाइवलमा के सिकाउनुभएको छ भन्ने सँग मेल खान्छ, स्पष्ट सँग परिभाषित गरिएको छ, र यो पुनः दोहोऱ्याएर संचार गरिएको छ, र सदस्यहरु र अगुवाहरु दुवैले अंगालेको छ ।

मण्डलीले स्पष्ट रुपमा देखेको हुन्छ कि परमेश्वरले के चाहनुहुन्छ र खीष्टको मण्डलीले कुनै निर्धारित स्थान र समयमा कुन कार्य गर्नुपर्छ भनेर । यो दर्शन परमेश्वरको उद्धारको उद्देश्यसँग सहमत छ र मण्डलीलाई उसको मिशनमा केन्द्रित गर्दछ । एउटा स्वस्थ समूदायमा, सेवकाई, कोषहरु, भवनहरु आदि सम्बन्धी निर्णयहरु दर्शनमा आधारित भएर गरिन्छ ।

**दर्शन कथनको ८वटा पक्षहरु :**

१. यसले मनपराएको भविष्यको स्पष्ट चित्र प्रस्तुत गर्दछ ।
२. यसले सम्भावनाहरुलाई परमेश्वरको "दृष्टिकोण"बाट विचार गर्न सक्षम गराउँदछ ।
३. यो परमेश्वरको उद्धारको योजनामा आधारित छ ।
४. यो कुनै पनि अवस्था (वर्तमान अवस्थामा वस्तुहरुको तरीका)सँग सन्तुष्ट हुँदैन ।
५. यसले विश्वासलाई लिँदछ ।
६. यो साधारण रुपमा सँचार गरिएको हुन्छ ।
७. यसले प्रार्थना र कार्यतर्फ दोहोऱ्याउँदछ / यसले अत्यावश्यक्ताको चेतना दिँदछ ।
८. यो अगुवाहरु र सदस्यहरुको विचमा बाँडिन्छ ।

**विश्लेषण गर्नको लागि एउटा दर्शन कथन :**

विश्लेषण गर्नको लागि दर्शन कथन । नमुना दर्शन कथनले कसरी ८ वटा पक्षहरुलाई प्रस्तुत गर्छ भनी पहिचान गर्न मानिसहरुलाई निमन्त्रणा गर्नुहोस् । के त्यसले चाहेको भविष्यको स्पष्ट चित्र प्रस्तुत गर्छ ? के यसले मानिसहरुलाई सबै थोकहरु परमेश्वरको दृष्टिकोणले हेर्न लगाउँछ ? के यो परमेश्वरको उद्धारको उद्देश्यमा आधारित छन् ? आदि ।

"हाम्रो दर्शन यो हो कि हाम्रो शहरमा भएको प्रत्येक व्यक्ति र परिवारले खीष्टलाई मूक्तिदाता र प्रभु भनी स्वीकार गर्ने अवशर पाउन्, उहाँको ज्ञानमा वृद्धि होऊन्, र तिनीहरुको क्षमता र स्रोतहरुलाई उहाँको महिमाको लागि प्रयोग गरुन् ।"

**अभ्यास ।** तपाईको मण्डलीको नाडी छाम्नु

प्रत्येक कथनलाई पढ्नुहोस् र आफ्नो विचारलाई जनाउनुहोस् । ("१"ले दिइएको कथनसँग तपाई पूर्णरुपमा असहमत हुनुहुन्छ भनी जनाउँछ, "१०"ले तपाई पूर्ण रुपमा सहमत हुनुहुन्छ भनी जनाउँछ ।)

- हाम्रो मण्डलीसँग मनपराएको भविष्यको स्पष्ट र परिभाषित दर्शन छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

- मलाई मेरो मण्डलीको दर्शनद्धारा प्रेरित भएको महशूस हुन्छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

## २. परिचालित अगुवापन । एफिसी ४:११-१२

मण्डली परमेश्वरद्धारा बोलाइएको अगुवाहरुद्धारा सेवा गरिएको हुन्छ जसले त्यसको दर्शनलाई बुझ्ेको हुन्छ, विश्वासी समुदायलाई दर्शन स्पष्ट रुपमा सँचार गर्दछ, र दर्शनलाई वास्तविक्तामा बद्लिनको लागि सदस्यहरुलाई व्यवस्थित गर्दछ ।

**धर्मशास्त्रमा अगुवाहरुको विशेषताहरु :**

१. अगुवा परमेश्वरद्धारा पठाइएको हुन्छ । (यूहन्ना १७:१८)
२. अगुवा एक जना सेवक हो । (फिलिप्पी २:५-८, मर्कूस १०:४२-४५, यूहन्ना १३:१४-१५)
३. अगुवाले परमेश्वरको अगुवाईको खोजी गर्दछ । (भजनसंग्रह २५:४-५)
४. अगुवाले परमेश्वरको जनलाई प्रेरित गर्दछ र सुसज्जित पार्दछ । (एफिसी ४:११-१२, २ तिमोथी २:२)

**अगुवापनको शैलीहरुको विचमा तुलना :**

| **अधिकार चलाउने अगुवा :** | **सेवक मनको अगुवा :** |
|---|---|
| "मलाई पक्ष्याऊ" भनी भन्छ । | "हामी येशूलाई पक्ष्याऔं" भनी भन्छ । |
| सुम्पदैन, आदेशहरुमात्र दिन्छ । | अरुलाई सहभागी गराउँछ । |
| आफैले मात्र निर्णयहरु गर्छन् । | निर्णयहरु गर्नको लागि सहभागी हुन अरुलाई पनि निमन्त्रणा गर्छ । |
| विश्वासी समुदायको कमजोरीहरुको बारेमा गुनासो गर्छ । | विश्वासी समुदायको कमजोरीको क्षेत्रहरुलाई बलियो बनाउँछ । |
| सबै कुरा आफै गर्छ : प्रचार, भेटघाट, प्रार्थना, शिक्षा, आराधनाको अगुवाई, आदि। | अरुहरुलाई सेवकाई गर्न तालिम दिन्छ र तिनीहरुको वयान गर्छ । |
| अन्य अगुवाहरुलाई प्रतिस्पर्धी र खतराको रुपमा हेर्छ । | अन्य अगुवाहरुलाई सहकर्मी र आशिषको रुपमा हेर्छ । |

पास्टरहरु एकमात्रले मण्डलीमा सबै कुराहरु गर्न सक्छन् भनी विचार गर्नु मूर्खता मात्र होईन अवाइवलीय पनि हो । प्रस्थान १८:१३-२७ मा, मोशाले कसरी सेवकाई गर्नको लागि अरुहरुलाई शसक्त पार्नु पर्छ ताकि मानिसहरुलाई खाँचो भएको क्षेत्रमा ध्यान पाउन सकोस् र उ आफू सिथिल नभएको होस् भनी सिक्नु परेको थियो ।

**मनन ।** के तपाईले अरुहरुलाई काममा खटाउनुहुन्छ ? तपाईको मण्डलीमा तपाईले कसलाई विभिन्न तरीकाले संग्लग्न गर्न सक्नुहुन्छ ?

**परिचालित अगुवापन ।** एफिसी ४:११-१२ ले अगुवाहरुले तालिम दिने र सबै सदस्यहरुलाई परिचालन गर्ने भूमिकाको बारेमा सिकाएको कुरामा जोड दिनुहोस् । अगुवाहरुको काम मण्डलीको दर्शन के हो थाहा गर्नु, विश्वासीहरुलाई स्पष्ट रुपमा संचार गर्नु, र सदस्यहरुलाई त्यो दर्शन प्राप्त गर्नको लागि तिनीहरुको वरदानहरु र स्रोतहरुको प्रयोग गर्नको लागि व्यवस्थित गर्नु हो । "सबै थोक पास्टर एक्लैले गर्ने" काल बितिसकेको छ, र सहजकर्ताको रुपमा पास्टरको समय हो अहिले । एक जना पास्टरले सबै थोक आफै गर्न खोज्नु हुँदैन तर अरुहरुलाई सेवकाईमा तिनीहरुको वरदानहरुलाई प्रयोग गर्न अगुवाई गर्नुपर्छ । सबै जनासँग वरदान छन् जुन मण्डली भित्र र बाहिरकाहरुलाई आशिषित पार्नको लागि प्रयोग गरिनुपर्छ ।

**अभ्यास ।** तपाईको मण्डलीको नाडी छाम्नु

- भविष्यमा अगुवापनको पदभारको लागि अगुवाहरुलाई तालिम दिइन्छ र तयार गरिन्छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

- मण्डलीमा सक्रिय हुन चाहनेहरुलाई अगुवाहरुले सहयोग गर्छ र निर्देशन दिन्छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

## ३. अभिप्रेरित सेवा समूह । १ कोरिन्थी १२ः७, १ पत्रुस ४:१०-११

मण्डलीको सदस्यहरु विश्वासी समुदाय र समाजमा आफ्नो वरदानहरुलाई प्रयोग गरी उत्तरदायी भएर एकसाथ काम गर्छन् । एक जना प्रभावकारी पास्टरलाई मण्डलीको सदस्यहरुलाई कसरी प्रेरित गर्ने र संलग्न गराउने थाहा हुन्छ । उसले वा उनले कामहरु अरुलाई सुम्पन्छ ताकि तिनीहरुले तिनीहरुको आफ्नो वरदानहरु प्रयोग गर्न सकुन् ।

**समूह संलग्न हुँदाको सफल कामहरु :**

१. स्पष्ट र प्रेरणादायी लक्ष्यहरु
२. परिणाम प्राप्त गर्न संरचित कार्य
३. क्षमतावान सदस्यहरु
४. सबै सदस्यहरुको समर्पणता
५. सहयोगी वातावरण
६. उत्कृष्टताको मापदण्ड
७. सेवक मनको अगुवापन

**अभ्यास ।** तपाईको मण्डलीको नाडी छाम्नु

- मण्डलीले सदस्यहरुलाई सेवकाईको लागि तिनीहरुको वरदान पत्ता लगाउन सहयोग गर्छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

- म विश्वासी समुदाय र समाजको अगुवाई गर्न वा सेवा गर्नको लागि तालिम गराइएको छु ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

**अभिप्रेरित सेवा समूह ।** मण्डलीको सदस्यहरुले विश्वासी समुदाय र समाज दुवै ठाउँमा एकसाथ आफ्नो वरदानहरु उत्तरदायी भएर प्रयोग गर्छन् । हरेक मानिसले आफ्नो वरदान के हो भनि पत्ता लगाउनुको महत्व र त्यसलाई प्रयोग गर्नको लागि जोड दिनुहोस् ।

**यो कथालाई बाँड्नुहोस् ।** एकदिन वाइवल अध्ययन समूहको अगुवाले आफ्नो समूहको प्रत्येक सदस्यलाई प्लास्टिकले प्याक गरेको उपहार दियो । उसले सोध्यो,"हामीले यसलाई के गर्नुपर्छ ?" निश्चय नै तिनीहरुले भन्यो कि तिनीहरुले त्यो खोल्नुपर्छ । प्रत्येकको भित्र एउटा पजलको टुक्रा थियो । त्यसपछि अगुवाले सोध्यो कि त्यो टुक्राहरुलाई प्रयोग गर्नको लागि तिनीहरुले के गर्नुपर्छ । सदस्यहरुले थाहा गरे कि त्यो के हो भनि पत्ता लगाउनको लागि तिनीहरुले त्यो पजलको टुक्राहरु एकसाथ जोड्नुपर्छ । तिनीहरुले तिनीहरुको टुक्राहरु एकसाथ राखे तर थाहा पाए कि केहि टुक्राहरु अपुग थियो । वाइवल अध्ययन समूहको अगुवाले तिनीहरुलाई भन्यो, "अब हामीले खीष्टमा ल्याउनको लागि धेरै मानिसहरुको खोजी गर्नुपर्छ, ताकि तिनहरुको वरदानहरुले मण्डलीको काम पूरा गर्नेछ ।

**सोध्नुहोस् ।** हरेक ईसाइसँग प्रयोग गर्नुपर्ने वरदान हुन्छ - के तपाईको वरदान के हो भनि तपाईलाई थाहा छ ? के तपाईको मण्डलीले तिनीहरुको वरदानहरु पहिचान गर्न र त्यसलाई प्रयोग गर्न सहायता गर्छ ?

**मानिसहरुलाई सेवकाई तर्फ परिचालन गर्नु (अर्को पाना) ।** तपाईको मण्डलीको सबै सदस्यहरु परमेश्वरसँगको सम्बन्धमा सुमधुर बनाइएको (चेला बनाइएको), सेवाको लागि तालिम दिईएको, र तिनीहरुको वरदानहरु प्रयोग गर्ने सेवकाई पत्ता लगाउन सहायता पुर्‍याइएको हुनुपर्छ । सहभागीहरुलाई मण्डलीले हरेक प्रकारको सेवकाईलाई परिपूर्ति गर्ने तरीकाहरु पहिचान गर्न जोडीसँग वा सानो समूहमा काम गर्न लगाउनुहोस् । तिनीहरुलाई पहिचान गर्न लगाउनुहोस् कि कुन क्षेत्रमा धेरै कृयाकलापहरु भएका छन् र कुन क्षेत्रमा ध्यान दिनु आवश्यक छ ।

**अभ्यास ।** सदस्यहरुलाई सेवकाईमा दोहोऱ्याउनु

**निर्देशनहरु ।** तपाईको मण्डलीमा भएको सेवकाईहरुको बारेमा विचार गर्नुहोस् र यी समूहहरुमा तिनीहरुको सूचि बनाउनुहोस् ।

| मानिसलाई आमन्त्रण गर्नु | मानिस निर्माण गर्नु | मानिसलाई सुसज्जित गर्ने | मानिसलाई परिचालन गर्ने |
|---|---|---|---|
| मानिसहरुलाई तपाईको विश्वासी समुदायसँग जोड्ने, तिनीहरुलाई स्वागत गरिएको महसूस गराउने, र तिनीहरुलाई खीष्टसँग सम्बन्ध गाँस्न निमन्त्रणा दिने तरीकाहरु (उदाहरणहरु : विशेष आराधना सेवाहरु, कार्यक्रमहरु, समाज सेवा प्रोजेक्टहरु, अविश्वासी साथीहरुसँगको मित्रता, घर दैलो सुसमाचार प्रचार,आदि । ) | मानिसहरुलाई चेलापन गर्ने र तिनीहरुको विश्वासमा तिनीहरुलाई बढ्न सहायता गर्ने तरीकाहरु (वाइवल अध्ययन समूहहरु, वाल सँगति, प्रार्थना सहकर्मीहरु, नयाँ सदस्यहरुको लागि कक्षाहरु, दिदी बहिनी सँगति, दाजुभाई सँगति, मेन्टोरिँग सम्बन्धहरु, आदि । ) | मानिसहरुलाई कुनै विशेष सेवकाईको लागि तालिम दिने र तिनीहरुलाई तिनीहरुको वरदानहरु पहिचान गर्न र विकास गर्न सहायता गर्ने तरीकाहरु (सुसमाचारीय कार्यशाला, आत्मिक वरदानहरुको बारेमा शिक्षा, परिवारको लागि अर्थ सम्बन्धी सेमिनारहरु, मानिसहरुलाई आराधना अगुवाई गर्न वा प्रचार गर्न तालिम दिने, सानो समूह अगुवाहरुको लागि तालिम, आदि ।) | मानिसहरुले तिनीहरुको वरदानहरुलाई तपाईको विश्वासी समुदायको विचमा वा वाहिर प्रयोग गर्ने तरीकाहरु (खानाको तयारी, परिवारहरुको भेटघाट भ्रमण, शिक्षा, आराधनामा भजनको अगुवाई, तिनीहरु असल भएको क्रियाकलापमा कक्षा संचालन, छिमेकी नानीहरुको लागि फुटबल क्याम्प, मण्डली सरसफाई, अीद ।) मानिसहरुले गर्न सक्ने कुनै पनि कुरालाई मण्डलीको सेवकाईमा समावेश गर्न सकिन्छ । |

अब तपाई सूचिहरुलाई तपाईको मण्डली कुन क्षेत्रमा सबै भन्दा प्रभावशाली छ र तपाईले कुन क्षेत्रमा काम गर्नुपर्ने हो भनी पूर्नविचार गर्नुहोस् ।

| मानिसलाई आमन्त्रण गर्नु | मानिस निर्माण गर्नु | मानिसलाई सुसज्जित गर्ने | मानिसलाई परिचालन गर्ने |
|---|---|---|---|
| | | | |

**तपाईको मण्डलीमा भएका अगुवाहरुसँग घुमिरहने सदस्यहरुलाई सेवकाईमा संग्लग्न गर्ने अभ्यासलाई दोहोऱ्याउनुहोस् :**

१. तपाईको मण्डलीको प्रत्येक सेवकाई क्षेत्रहरुको कार्यहरुको सूची बनाउनुहोस् ।
२. तपाईले सूची बनाउनुभएको प्रत्येक समूहको क्रियाकलापहरु प्रभावकारी छन् कि छैनन् भनी सोध्नुहोस् ।
३. तपाईले कार्वाही गर्नुपर्ने ठाँउ र तपाईले गर्नुपर्ने कुराहरु निर्धारण गर्नुहोस् ।

**४. स्रोतको सहि भण्डारेपन ।** १ कोरिन्थी ४:२, हितोपदेश ३:९-१०, १ कोरिन्थी ६:१९-२०, प्रेरित २०:३५ख

मण्डलीले आफ्नो सदस्यहरुलाई मण्डलीको सम्पत्तिहरु र समाग्रीहरु तथा तिनीहरुको आफ्नै सामाग्रीहरुको असल भण्डारे हुनको लागि चुनौती दिँदछ । सबै ईसाइहरुले मण्डली भित्र र समाज दुवै क्षेत्रहरुमा यी स्रोतहरुलाई(समय, क्षमता र ढुकुटी) परमेश्वरको राज्यमा तिनीहरुको कामलाई सम्पादन गर्नको लागि प्रयोग गर्न सक्छन् । मण्डली आफैले पनि स्रोतहरुलाई बुद्धिमता पूर्वक र पारदर्शी ढँगले प्रयोग गर्नुपर्छ ।

भण्डारेपनको चारवटा “T” हरु :
१. समय(Time)
२. क्षमता(Talent)
३. ढुकुटी(Treasure)
४. परमेश्वरको मन्दिर (हाम्रो भौतिक शरिर)(Temple of God)

**अभ्यास ।** तपाईको मण्डलीको नाडी छाम्नु

- हाम्रो मण्डलीले बजेट(रकम)लाई प्रयोग गर्ने सम्बन्धमा असल भण्डारेपनको अभ्यास गर्दछ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

- हाम्रो मण्डलीले नियमित रुपमा भण्डारेपन र दशांसको बारेमा सिकाउँछ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

**स्रोतहरुको उचित भण्डारेपन ।** मण्डली र समाजमा परमेश्वरको राज्यलाई फैलाउनको लागि मण्डलीले आफ्नो सदस्यहरुलाई  तिनीहरुको स्रोतहरु- समय, धनसम्पत्तिहरु, क्षमताहरु, परमेश्वरको मन्दिर (भौतिक शरीर)-को असल भण्डारे हुनको लागि चुनौतिहरु दिन्छ । मण्डली आफै पनि आफ्नो स्रोतहरुको असल भण्डारे हुनु पर्छ ।

**असल भण्डारेपनको उदाहरणहरु ।**

- मण्डलीले आफ्नो भवन र सुविधाहरुको राम्रो हेरचाह गर्छ ।
- पास्टरले नभई डिकन वा विशेष कमिटीले पैसा गन्ने वा आर्थिक व्यवस्थापन गर्छ । तिनीहरुले दशांसहरु र भेटीहरुको सठिक अभिलेख राख्छ र पैसा कसरी खर्च भएको छ भनि नियमित रुपमा समुदायलाई प्रतिवेदन पेश गर्छ ।
- मण्डलीले मानिसहरुलाई तिनीहरुको समय असल तवरले (परिवारको वास्ता राख्ने, काम गर्ने, मण्डली र समाजको सेवा गर्ने) प्रयोग गर्न प्रोत्साहन दिन्छ ।
- मण्डलीले आफ्नो दर्शनसँग मिलाएर बजेट तयार गर्छ ।

गतिशील मण्डलीले सँधै त्यसको स्रोतहरुका सिमिततामा रहन्छ र आफूसँग भएको थोकहरु आफ्नो लागि सन्चय गरी नराखेर सेवकाई र मिशनमा लगानी गर्छ । सहभागीहरुलाई उदाहरण दिनको लागि भन्नुहोस् कि तिनीहरुको मण्डलीले कसरी मानिसहरुलाई तिनीहरुको समय, क्षमताहरु, धन सम्पत्तिहरु, र भौतिक मन्दिरलाई व्यवस्थापन गर्न सहायता गर्छ । तिनीहरुलाई आफ्नो जोडीसँग बाँडचुड गर्न लगाउनुहोस् कि कसरी तिनीहरुको मण्डलीहरुले बजेट र अभिलेखलाई व्यवस्थापन गर्छ ।

**५. खण्ड र सन्दर्भ विचको समायोजन ।** २ तिमोथी ३:१६-१७, प्रेरित १७:२२-२३, १ कोरिन्थी ९:१९-२२, मत्ती ९:३५-३८

एउटा स्वस्थ मण्डलीले त्यसको सन्दर्भलाई ध्यान दिन्छ (भौगोलिक स्थान, सामाजिक र आर्थिक तत्वहरु, संस्कृतिहरु, आदि ।)। जबकि खीष्ट येशूमा भएको सुसमाचारको सन्देश बढ्लिँदैन, त्यसलाई बाँड्नै तरीकाहरु बढ्लिन सक्छ । जसै विश्वासी समुदायले मानिसहरुको प्रेरणाहरुलाई, समस्याहरुलाई, सपनाहरुलाई र मान्यताहरुलाई बुझ्न थाल्दछ, तिनीहरुले तिनीहरुको छिमेकीहरुलाई तिनीहरु भएको स्थानमा भेट्न सक्छ र कसरी सुसमाचारले तिनीहरुको सबै भन्दा गहिरो खाँचोलाई पूरा गर्छ भनी व्याख्या गर्न सक्छन् ।

तल दिइएको चित्रणले सुसमाचारलाई एउटा नयाँ ठाउँमा सान्दर्भीकरण गर्दा ध्यान दिनुपर्ने विकल्पहरु प्रदान गर्छ । यो सुसमाचारको सँचारसँग सम्बन्धित छ र साथै सुसमाचारको कार्यसँग पनि सम्बन्धित छ ।

**निश्चित आस्था र वानी व्यवहारलाई सान्दर्भीकरण गर्दाको विकल्पहरु**

| **स्वीकार अपनाउनु** | **संशोधन परिवर्तन** | **सृजना नयाँ** | **विस्थापन साटो** | **ईन्कार** |
| --- | --- | --- | --- | --- |
| ग्रहणयोग्य सँस्कृतिमा लिन सकिने कुराहरुलाई यथावत राख्नु | केहि आस्थाहरुलाई ईसाई अर्थ दिने वा वाइवलीय सन्दर्भमा तिनीहरुलाई पुनगर्ठन गर्ने | सुसमाचार नयाँ सँस्कृति र उप सँस्कृतिमा प्रवेश गर्दा व्यवस्था, विधि, र भाषाको नयाँ व्यवस्था बनाउने | भएको विधि, विदा वा संस्कारलाई यथावत् राख्ने र ईसाइ विधि, विदा वा संस्कारले त्यसलाई विस्थापन गर्ने | निश्चित अभ्यासहरु, विधिहरु, भाषाहरु आदिलाई त्याग्ने जुन सुसमाचार र ईसाइ मान्यतासँग अमेल खान्छ । |

**अभ्यास ।** तपाईको मण्डलीको नाडी छाम्नु

- हाम्रो मण्डली खाँचोहरु प्रति हाम्रो सामाजिक सन्दर्भमा सतर्क छ ।

| | | | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

- हाम्रो मण्डलीले समाजमा सम्बन्धको निर्माण गर्नको लागि धेरै प्रयास गर्छ ।

| | | | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

## निष्कर्श

प्रत्येक मण्डलीको आफ्नै विशिष्ट व्यक्तित्व र अद्धितीय क्षमताहरु हुन्छन् । हामीले यो सेसनमा छलफल गरेको पाँच क्षेत्रहरुमा सबल भएको मण्डली येशु खीष्टको नाममा समाजमा अलग प्रभाव पार्नको लागि पवित्र आत्माबाट अभिप्रेरित भएको हुन्छ । यसले मानिसहरुलाई खीष्टमा नयाँ जीवन प्राप्त गर्नको लागि निमन्त्रण गर्छ र परमेश्वरलाई महिमा दिँदै उहाँमा जीउनको लागि सहायता गर्छ ।

**खण्ड र सन्दर्भ वीचको समायोजन ।** विविध सामाजिक, आर्थिक, र साँस्कृतिक सन्दर्भहरुलाई जोड दिनुहोस् जुन विभिन्न देशहरु, प्रान्तहरु, शहरहरु, नगरहरु, र छिमेकहरुमा पाईन्छन् । वर्णन गर्नुहोस् कि कसरी यी फरकपनाले मण्डलीको सुसामाचार, आराधना, व्यवस्थापन, दर्शन, कार्यहरु आदिमा असर पार्छ ।

**२ तिमोथी ३:१६-१७ ।** परमेश्वरको वचन जीवनको लागि मार्गनिर्देशक हो ।

**प्रेरित १७:२२-२३ ।** पावलले आफ्नो सन्देशलाई मानिसहरु र ठाउँ सुहाँउदो गरी आकार दिन्छन् ।

**१ कोरिन्थी ९:१९-२२ ।** पावलले सुसमाचारद्धारा मानिसहरुकहाँ पुग्नको लागि तिनीहरुले बुझ्ने तरीकाले प्रस्तुत गर्छन् ।

**मत्ती ९:३५-३८ ।** येशू मानिसहरुलाई खोज्न बाहिर जानुभयो र तिनीहरु भएको स्थानमा तिनीहरुलाई भेट्नुभयो ।

**वैकल्पिक कृयाकलाप ।** सहभागीहरुलाई विचार गर्न लगाउनुहोस् कि तिनीहरुको मण्डली सबैभन्दा बलियो भएको पाँचवटा क्षेत्रहरु कुन कुन हुन्, र तिनीहरुको मण्डली सबैभन्दा कमजोर भएको पाँचवटा क्षेत्रहरु कुन कुन हुन् । तिनीहरुलाई ३ वा ४ जनाको समूहमा यसको बारेमा एक आपसमा छलफल गर्न लगाउनुहोस् । तिनीहरुलाई काम गर्न र विचार गर्नको लागि कुनै एउटा क्षेत्रलाई चुन्न लगाउनुहोस् कि मण्डलीले कसरी त्यो क्षेत्रमा सुधार गर्न सक्छ ?


**नोटहरु ।**

# सेसन ३
# स्वस्थ मण्डलीको पाँचवटा कार्यहरु

## परिचय

सेसन ३ ले स्वस्थ मण्डलीको पाँचवटा कार्यहरु : सुसमाचार, चेलापन, सेवा, सँगति र आराधना, को विवरण उपलब्ध गराँउछ । यी क्षेत्रहरुमा विश्वासी समुदायको मुल्याँकन गर्नाले अगुवाहरुलाई तिनीहरुको रणनैतिक योजनामा सहायता गर्छ ।

**पाँचवटा अपरिहार्य कार्यहरु ।** प्रेरित २:४२-४७




प्रत्येक कार्यको अर्को कार्यमा प्रभाव छ ।

**१. ज्वलन्त साक्षी ।** प्रेरित २:४७, २ तिमोथी ४:१-२, प्रेरित ५:४२, कलस्सी १:२८-२९

मानिसहरुले बुझ्न सकिने गरी मण्डलीले शब्दहरु र कार्यहरुद्धारा घोषणा गर्दछ कि येशु खीष्टद्धारा परमेश्वरको राज्य आएको छ । मण्डलीले सुसमाचारमा विश्वास गर्न, तिनीहरुको जीवनलाई येशूमा रुपान्तरण गर्न, र उहाँको चेलाहरु हुनको लागि मानिसहरुलाई बोलाँउछ । हाम्रो जीवनले खीष्टमा नयाँ सृष्टिको प्रमाण दिँदछ - परमेश्वरले गर्नुभएको कुराको “एउटा जीवित घोषणा” ।

परमेश्वर नै हुनुहुन्छ जसले मण्डलीमा थप्नुहुन्छ । पवित्र आत्माले मानिसहरुको हृदयमा काम गर्नुहुन्छ र खीष्टमा पाइने जीवन प्राप्त गर्नको लागि अभिप्रेरित गर्नुहुन्छ ।

**चिन्तनको लागि प्रश्नहरु :**

- गएको दुई महिनामा मैले कति जना मानिसहरुलाई सुसमाचार सुनाएँ ?
- हाम्रो मण्डलीले कतिजना विश्वासीहरुलाई तिनीहरुको विश्वासलाई बाँड्न तालिम दिएँ ?

**मानिसहरुलाई खीष्टमा आउनको लागि आवश्यक तिनवटा परिवर्तनहरु :**

**१. शक्तिको परिवर्तन ।** मानिसहरुले तिनीहरुको आफ्नो कमजोरीहरु र तिनीहरुको जीवनमा परमेश्वरको शक्ति पवित्र आत्माको कामहरुद्धारा थाहा गर्छन्, तिनीहरुलाई जीवन दिएर, तिनीहरुको जीवनमा पापको शक्तिलाई तोडेर, र पवित्र आत्माको फल फलाएर : प्रेम, आनन्द, शान्ति, धिरज, दया, भलाई, विश्वस्ता, नम्रता, र संयम ।

**२. आस्थाको परिवर्तन** । मानिसहरुको आँखा स्वीकार गर्न खुल्ला हुन्छन् कि येशु को हुनुहुन्छ भनी वाइवलले भन्दछ : पुनरुत्थान भएको परमेश्वरको पुत्र । मानिसहरु आएर हेर्छन् कि परमेश्वर धर्मशास्त्रद्धारा बोल्नुहुन्छ र उहाँले भन्नुभएको कुराहरु भरोसा गर्न सकिन्छ ।

**३. इच्छाको परिवर्तन** । मानिसहरुले तिनीहरुको आफ्नो जीवनलाई खीष्टमा अर्पण गर्छन् र तिनीहरुको जीवनको सबै पक्षहरुमा उहाँको इच्छामा समर्पण गर्छन् ।

**अभ्यास ।** तपाईको मण्डलीको नाडी छाम्नु

प्रत्येक कथनलाई पढ्नुहोस् र आफ्नो विचारलाई जनाउनुहोस् । ("१"ले दिइएको कथनसँग तपाई पूर्णरुपमा असहमत हुनुहुन्छ भनी जनाउँछ, "१०"ले तपाई पूर्ण रुपमा सहमत हुनुहुन्छ भनी जनाउँछ ।)

- हाम्रो मण्डलीले आफ्नो सदस्यहरुलाई समुदायमा साक्षी दिनको लागि तालिम दिन्छ र सुसज्जित पार्छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

- म व्यक्तिगत रुपमा हाम्रो विश्वासीहरुको सुसमाचारीय कार्यमा सहभागी भएको महशूस हुन्छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

**तपाईको मण्डलीको अगुवाहरुसँग फलोअप :**


- कसरी हाम्रो विश्वासी समुदायले मानिसहरुलाई परमेश्वरको शक्ति हेर्न, परमेश्वरको सत्य सुन्न, र सम्पूर्ण समर्पित हृदयले खीष्टमा प्रतिवद्धताको प्रतिज्ञा गर्न उत्साह प्रदान गर्छ ?

**२. बुझेको चेलापन ।** प्रेरित २:४२, मत्ती २८:१८-२०, २ पत्रुस ३:१८

एउटा स्वस्थ मण्डलीले सबै उमेर समूहका मानिसहरुलाई खीष्टलाई चिन्न र उहाँको इच्छालाई राम्ररी जान्न सहायता गर्छ ताकि तिनीहरुले सबै क्षेत्रहरुमा र दैनिक जीवनको सबै पक्षहरुमा उहाँलाई पक्ष्याउन् । जसै हामी उहाँलाई चिन्छौं र उहाँको इच्छालाई राम्ररी बुझ्छौं र उहाँको आत्मामा भर पर्छौं, हामी आफूमा धेरै भन्दा धेरै खीष्ट जस्तै हुन्छौं :

१. आचरण
२. विचार गर्नु
३. चरित्र
४. प्रतिवद्धता

चित्र ।




**अभ्यास ।** तपाईको मण्डलीको नाडी छाम्नु

- जब कुनै नयाँ व्यक्तिले येशुलाई ग्रहण गर्छ, उसलाई कसैले तुरुन्तै चेलापनमा अगुवाइ गरिन्छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

- मण्डलीले मलाई आत्मिक रुपमा हुर्कनको लागि मद्दत गरिरहेको छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

**तपाईको मण्डलीको अगुवाहरुसँग फलोअप :**

- कसरी हाम्रो मण्डलीले मानिसहरुलाई येशू खीष्टसँगको तिनिहरुको सम्बन्धमा बढ्नको लागि सहायता गर्दछ ?

बुझेको चेलापन ।

- आचरण (हाम्रो व्यवहार धेरै भन्दा धेरै येशूको जस्तो हुन्छ : फिलिप्पी १:२७, एफिसी ५:१-२)
- विचार (हामीमा खीष्टको मन हुन्छ : फिलिप्पी २:५, फिलिप्पी ४:८)
- चरित्र (हामीले पवित्र आत्माको फल प्रकट गर्छैं : गलाती ५:२२-२४, एफिसी ५:१-२)
- प्रतिवद्धता (जस्तो सुकै मूल्य चुकाउनु परेतापनि हामी आफैलाई परमेश्वरको ईच्छामा समर्पण गर्छौं : मत्ती २६:३९, यूहन्ना ६:३८)

**खण्ड गरिएको विश्वास ।** विश्वास एक प्रकारले हाम्रो जीवनको अर्को भाग हो । हामी परमेश्वरलाई सम्झन्छौं जब हामी उहाँको आराधना गरिरहेका हुन्छौं, तर हप्ताको बाँकी दिनहरुमा उहाँलाई नसम्झी आफ्नो जीवन जीइरहेका हुन्छौं । परमेश्वर हाम्रो परिवारसँग, हाम्रा अर्थसँग, राजनितिसँग, खेलकुद आदिसँग कसरी सम्बन्धित छ भनि हामी विचार गर्दैनौं ।

**एकीकृत विश्वास ।** येशूमा हाम्रो विश्वासले हामीले हाम्रो परिवारलाई कसरी व्यवहार गर्छौं, हाम्रो समाज र देशमा हामी कसरी जिउँछौं, हामी कसरी खेलकुदहरु खेल्छौं, हामी कसरी हाम्रो अर्थको व्यवस्थापन गर्छौं आदिमा प्रभाव पार्छ । जीवनको हरेक क्षेत्रमा हामी परमेश्वरलाई खुशी पार्न खोज्छौं ।

- हाम्रो मण्डलीले मानिसहरुलाई धर्मशास्त्र अध्ययन गर्न र त्यसलाई तिनिहरुको आफ्नो जीवनमा उपयोग गर्नको लागि के कति आवशरहरु उपलब्ध गराएको छ ?
- हाम्रो मण्डलीले मानिसहरुलाई एकसाथ प्रार्थना गर्न र एक अर्काको लागि प्रार्थना गर्न के कस्ता अवशरहरु छन् ?
- कसरी हाम्रो मण्डलीले सदस्यहरुलाई तिनिहरुको पारिवारिक जीवनमा, तिनिहरुको निर्णयहरुमा, तिनीहरुको दैनिक कार्यहरुमा, तिनीहरुको रकमको प्रयोगमा र तिनीहरुको समयको प्रयोगमा येशूलाई पक्ष्याउन सिक्नको लागि सहायता गर्छ ?

**३. दयालु सेवा** । प्रेरित २:४५-४६, गलाती ६:१०, मर्कूस १२:३१, याकूब २:१७

मण्डलीले सर्वाङ्गिण रुपमा येशूको नाउँमा मानिसहरु र विश्वासी समुदायको खाँचोलाई पूरा गर्न सहायता गर्छ र उहाँको चेलाहरु हुनको लागि तिनीहरुलाई निमन्त्रणा दिँदछ ।

याकूबको पुस्तकले स्पष्ट गरेको छ कि काम विनाको विश्वास मृत हो (याकूब २:१७) । हामी हाम्रो मुक्ति कमाउनको लागि अरुको सेवा गर्दैनौं, तर परमेश्वरले हाम्रो लागि के गर्नुभएको छ सोको कृतज्ञताको कारण गर्दछौं ।

हाम्रो वरदानहरु र स्रोतहरुद्धारा अरुको सेवा गर्नु तिनीहरु प्रतिको परमेश्वरको प्रेमको देखिने प्रमाण हो ।

**सेवा र सुसमाचार विचको सम्बन्ध :**

१. सेवा सुसमाचारको परिणाम हो : परमेश्वरको प्रेमले हामीलाई अरुको सेवा गर्न इच्छा जगाउँछ ।
२. सेवा सुसामाचारको लागि पुल हो : हामी पहिले सेवाको ठोस कार्यहरु गर्छौं, र ति सेवाको कार्यहरुले हाम्रो विश्वासलाई बाँड्चुड गर्ने ढोका खोल्दछ ।
३. सेवाले सुसमाचारलाई सघाउँछ : जसै हामी अरुको सेवा गर्छौं, हामी तिनीहरुलाई खीष्टमा परमेश्वरको प्रेमको बारेमा बताउँछौं ।

**अभ्यास ।** तपाईको मण्डलीको नाडी छाम्नु

- हाम्रो मण्डलीले मानिसहरुको भौतिक खाँचोहरुमा सहायता पुऱ्याउँछ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

- हाम्रो समुदायको मानिसहरुलाई थाहा छ कि हामी खीष्टको प्रेमलाई व्यवहारिक रुपमा प्रस्तुत गर्न चाहन्छौं ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

**तपाईको मण्डलीको अगुवाहरुसँग फलोअप :**

- हाम्रो मण्डलीको सदस्यहरुले कसरी तिनीहरुको समुदायको सेवा गर्छन् ?
- हाम्रो सम्पूर्ण विश्वासी समुदायले कसरी हाम्रो समुदायको सेवा गर्छन् ?

**४. वास्ताफिक्री गर्ने र स्वागत गर्ने समुदाय ।** प्रेरित २:४२, ४४, ४६, गलाती ६:२, एफिसी ४:२५-२६ र ५:२

एउटा स्वस्थ मण्डलीमा परमेश्वरको प्रेम र दया प्रकट गरेर सदस्यहरु एक आपसमा रमाउँछन् र एकले अरुको भार उठाउँछन् । यसको अर्थ हामीले एकले अरुको बारेमा थाहा भएको हुनुपर्छ र एक अर्काको जीवन बाडँचुड गरेको हुनुपर्छ, ताकि हामीले सहायता गर्ने सबै भन्दा उत्कृष्ट तरीका थाहा गर्न सकौं । संगतिको लागि ग्रीक शब्द, क्वाइनोनिया, अर्थात् "साझा वा सँगसँगै" हो । ईसाइ संगति, त्यसोभए, पहिले ख्रीष्टलाई साझा रुपमा लिनु हो, र त्यसको कारण हामी को हौं र ख्रीष्टमा दाजुभाई दिदीबहिनीहरु सँग हाम्रो के कुरा छ भन्ने हो । साना समूहहरु ईसाइहरुले एक आपसमा सहायता गर्न सकिने र तिनीहरुको विश्वासमा एक आपसमा बृद्धि हुन सकिने एउटा तरीका हो ।

स्वस्थ मण्डलीले बुझेको हुन्छ कि मानसिहरुको समुदायमा द्धन्द एक जीवनको समान्य भाग हो । तिनीहरुले द्धन्दलाई परिस्थितिलाई कसरी सम्हाल्ने भनी केन्द्रित भएर ताकि मण्डली आफ्नो दर्शनमा विश्वासयोग्य रहि र प्रेममा सत्य बोली रचनात्मक रुपमा समाधान गर्छन् । अगुवाहरु प्रेमिलो र आदर गर्ने तर अडिग हुनपर्छ । जब सदस्यहरु र अगुवाहरुले वाइवलीय निर्देशनहरु अनुसार काम गर्दैनन्, तिनीहरुलाई वास्तामय तर अडिग तवरले सुधार गरिनुपर्ने हुन्छ ।

**क. यूहन्ना १७ ।** संगतिको लागि ईश्वरशास्त्रीय आधार त्रिएकता आफैबाट आएको छ - पहिलो समुदाय ।

**ख. भजन १३३ ।** पुरानो करारमा अघिबाटै विश्वासीहरुको माझमा एकताको महत्वको बारेमा बताईएको छ ।

**अभ्यास ।** तपाईको मण्डलीको नाडी छाम्नु

- मण्डलीको सेवकाईले सदस्यहरुलाई एक आपसमा मित्रभावको सम्बन्धमा हुर्कनको लागि सहायता गर्छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

- हाम्रो मण्डलीमा सकरात्मक संगति हुन्छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

**वास्ताफिक्री गर्ने र स्वागत गर्ने समुदाय ।** अलगपना र एक्लोपना, विखण्डन र अपराधले भरिएको संसारमा मण्डलीले प्रेम, पुर्नमिलाप, अनुग्रह र क्षमादानको समाज उपलब्ध गराउनु अनिवार्य छ ।

सहभागीहरुलाई अरु तरीकाहरु उल्लेख गर्न भन्नुहोस् जसद्धारा सदस्यहरुले एक अर्कालाई चिन्न सक्छन् र एक अर्कालाई सहायता गर्न सक्छन् ।

**कसरी अगुवाहरुले मण्डलीमा द्धन्दको समाधान गर्न सक्छ ।**

१.द्धन्दको पहिचान गर्ने (मानिसहरु के कुराको बारेमा असहमत छन्) ।

२.द्धन्दलाई सकेसम्म तटस्थ भएर विश्लेषण गर्नुहोस् : त्यसको कारणहरु, द्धन्द बढ्नुको कारणहरु, आदि। मानिसहरुले एकले अर्कालाई शब्दहरुद्धारा प्रहार गर्न नलगाउनुहोस्-आचरणमा केन्द्रित हुनुहोस् मानिसमा होइन ।

३.विपक्षी दलसँग साझा कुरा के छ पहिचान गर्नुहोस् ।

४.द्धन्द समाधान गर्न सकिने तरीकाहरुको पहिचान गर्नुहोस् ।

५.त्यो तरिका छान्नुहोस् जुन धर्मशास्त्रमा परमेश्वरको आज्ञासँग सबै भन्दा विश्वासयोग्य छ, मण्डलीको दर्शन र मिशनसँग सबै भन्दा विश्वासयोग्य छ, र अवस्थाको लागि सबैभन्दा उचित छ ।

६. मानिसहरुलाई क्षमा माग्न र क्षमा दिनको लागि निमन्त्रणा गर्नुहोस् ।

७. निर्णय कार्यान्वयन गर्नुहोस् ।

**तपाईको मण्डलीको अगुवाहरुसँग फलोअप :**

- हाम्रो विश्वासी समुदायमा खीष्टमा दाजुभाई तथा दिदीबहिनीहरुले एक अर्कालाई कतिको राम्ररी चिन्छन् ?
- हामीले तिनीहरुले एक अर्कालाई सहायता गरेको र उत्साह दिएको कत्तिको पाएका छौं ?
- के हाम्रो मण्डलीसँग द्वन्द समाधान गर्ने योजना छ ?
- हाम्रो मण्डली समुदायमा भएको अन्तिम गम्भिर द्वन्द कुन थियो, र त्यो कसरी समाधान गरियो ?

**५. गतिशिल आराधना र प्रार्थना ।** प्रेरित २:४२, ४७क, भजन ४७:१, भजन ४८:९, रोमी १२:१-२

मण्डली परमेश्वरको परिवारको रुपमा परमेश्वरको आवाज सुन्न र परमेश्वरलाई प्रशंसा, स्वीकारोक्ति, धन्यवादज्ञापन र अन्तिर्विन्तीद्धारा प्रतिक्रिया दिन एक आपसमा भेला हुन्छन् । आराधनामा हामी परमेश्वरको महानतालाई थाहा गर्छौं र आफैलाई उहाँमा अर्पण गर्छौं ।

आराधना सेवा विशेष समय हो जुन समय परमेश्वरका मानिसहरु एकसाथ परमेश्वरलाई भेट गर्न भेला हुन्छन् । यो विशेष भेट हो जहाँ परमेश्वर आफ्नो मानिसहरुसँग कुरा गर्छन् र उहाँका मानिसहरु उहाँसँग कुरा गर्छन् :

- परमेश्वरले उहाँको आराधना गर्न बोलाउनुहुन्छ - हामी एकसाथ उहाँको प्रशंसा गरेर प्रतिक्रिया जाहेर गर्छौं ।
- परमेश्वरले हाम्रा पापहरु स्वीकार गर्न हामीलाई बोलाउनुहुन्छ - हामी हाम्रो पापहरु स्वीकार गरेर र क्षमादान मागेर प्रतिक्रिया जनाउँछौं - परमेश्वरले येशु खीष्टद्धारा क्षमा दिनुहुन्छ ।
- परमेश्वर हामीसँग उहाँको आफ्नो वचनद्धारा बोल्नुहुन्छ - हामी विश्वासको स्वीकारोक्तिहरु, भेटीहरु, साक्षीहरु, र अर्जविन्तीको प्रार्थनाहरु द्वारा प्रतिक्रिया जनाउँछौं ,
- परमेश्वरले हामीलाई आशिष दिनुहुन्छ र संसारमा हामीलाई पठाउनुहुन्छ - हामी आराधनाको स्थानलाई हाम्रो जीवनको कार्यहरुमा परमेश्वरको सेवा गर्न तयार भई छोड्छौं । रोमी १२ अध्यायको शुरुको पदहरुले देखाउँछ कि वृहत अर्थमा आराधनामा हाम्रो जीवनको सबै क्षेत्रहरु संग्लग्न हुन्छन् । हामी हाम्रो सबै दिनहरु उहाँको असलपन र महानतालाई प्रतिक्रिया दिँदै परमेश्वरको उपस्थितिमा जीउँछौं ।

**मण्डलीलाई हुर्कन सहायोगी आराधनाको तत्वहरु :**

१. आगन्तुकहरुलाई न्यानो स्वागत (तिनीहरुलाई बस्ने स्थानको सुनिश्चित गर्ने/उठ्ने र वर्णनहरु गर्ने कि के हुन लागि गइरहेको छ थाहा गर्न सकुन्) ।
२. आगन्तुकहरुको फलोअप (तिनीहरु आराधनामा सहभागी भए लगत्तै केहि व्यक्तिगत सम्पर्क नम्बरहरु लिने) ।

३. आराधनाको क्षेत्रमा नयाँ मानिसहरुको लागि कोठा ।
४. ठोस वाइवलीय प्रचारहरु जुन धर्मशास्त्र प्रति विश्वासयोग्य छ र मानिसहरुको जीवनहरुसँग सम्बन्धित छ ।
५. मानिसहरु मण्डलीमा संग्लग्न हुन सकिने तरीकाहरुको स्पष्ट कुराकानी ।

**विश्लेषण । पाँच कार्यहरु**

सहभागीहरुले चार्ट भरिसकेपछि, पाँचवटा कार्यहरुमध्ये कुनचाहिँमा तिनीहरुको मण्डली सबैभन्दा बलियो छ र तिनीहरुको मण्डली कुनचाहिँमा कमजोर छतिनीहरुलाई पहिचान गर्न लगाउनुहोस् । तिनीहरुलाई यसलाई ३ वा ४ जनाको समूहमा जोडीहरुसँग बाँडचुड गर्न लगाउनुहोस् । समयले भ्याएमा, सहभागीहरुलाई कसरी कमजोर क्षेत्रहरुमा सुधार गर्न सकिन्छ विचारहरु आदान प्रदान गर्न लगाउनुहोस् ।

**अभ्यास ।** तपाईको मण्डलीको नाडी छाम्नु

- हाम्रो मण्डलीको आराधनाले हामीलाई खीष्टियन जीवनको लागि हामीलाई पोषण र सामर्थ दिन्छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

- हाम्रो मण्डलीको आराधनामा त्रिएक परमेश्वरलाई थाहा गर्छौं : पिता, पुत्र र पवित्र आत्मा ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |

मण्डली वृद्धिमा अरु महत्वपूर्ण तत्वहरु छन् जुन अगुवाहरुले तिनीहरुको निर्णय गर्ने कार्यमा याद गर्नुपर्छ जस्तो कि संरचना, कार्यक्रमहरु, र संचार, र समुदाय र आत्मिक सन्दर्भ जुन स्थानमा मण्डली आफूलाई पाएको छ । हामी यी मध्ये केहि सेसन ४मा हेर्नेछौं ।

**तपाईको मण्डलीको अगुवाहरुसँग फलोअप :**

- के हाम्रो आराधना आदरयोग्य र आनन्दित दुवै छन् ?
- के हामी परमेश्वरको महिमाको लागि कलाहरुलाई प्रयोग गर्छौं ?
- के हामी एक पक्षमा मात्र धेरै जोड दिन्छौं (संगीत, निश्चित अगुवा, आदि ।) ?

## निष्कर्श :

पाँचवटा प्रमुख प्रतिवद्धताहरुका वावजुद, कुनै एउटा मण्डली जुन यी पाँचवटा कार्यहरुमा बलियो छन् तिनीहरु स्वस्थ मण्डली हुन्छन् जुन समुदायमा प्रकाशको रुपमा रहन्छन् ।

विश्लेषण । पाँच कार्यहरु

प्रत्येक कार्यहरुको लागि, तपाईको मण्डलीको सेवकाईहरु ईंकित गर्नुहोस् ।

| सुसमाचार | चेलापन | सेवा | संगति | आराधना |
|---|---|---|---|---|
| | | | | |

१. जसै तपाईले चार्टमा भर्नुभयो के तपाईले शसक्त र कमजोर क्षेत्रहरु पाउनुभयो ?

२. के चार्टले सेवकाईको स्पष्ट सन्तुलित धारणालाई देखाउँछ ?

# सेसन ४
# रुपान्तरणकारी व्यवस्था

रुखहरु र जङ्गलको उदाहरणले यस तथ्यलाई जनाउँछ कि राम्रोसँग सेवा गर्नको लागि मण्डलीको अगुवाहरुले सेवकाईको प्रत्यक भाग (रुखहरु) मात्र नभएर सम्पूर्ण सेवकाईलाई (जङ्गल) नै बुझ्नु खाँचो हुन्छ ।

परिचय

औषधी र वैज्ञानिक समुदायहरुबाट हामीले जीवविज्ञान (जीवीत कुराहरु) - एउटा व्यवस्थाको बारेमा सिकेका छौं । धेरै भागहरु भएको सम्पूर्ण व्यवस्था जसले जीव भित्र र जीव भन्दा वाहिरको कुराहरुसँग अर्न्तक्रिया गर्दछ । यो बुझाई कि कसरी व्यवस्थाले काम गर्दछ भन्ने कुरा संस्थाहरुमा पनि उपयोग गर्न सकिन्छ ।

मण्डली दुवै एउटा जीवीत जीव हो - खीष्टको शरीर - र एउटा संस्था । यो धेरै उपव्यवस्थाहरु भएको एउटा जटिल र अलग शरीर हो र यसले कुनै निर्धारित वातावरणमा अर्न्तक्रिया गर्दछ । कुनै एउटा वृहत व्यवस्था हुनको लागि सबै उप व्यवस्थाहरुको वीचमा अन्तर निर्भरता र अन्तरसम्बन्ध हुन्छ । यो वृहत व्यवस्था पनि अन्य व्यवस्थाहरु र त्यसको वातावरण सँग कार्यहरु र प्रतिक्रिया गर्दछ । एक आपस विचको अन्तरसम्बन्ध र सन्दर्भसँगको अर्न्तक्रियालाई हेर्ने दृष्टिकोणलाई "खुला व्यवस्था" भनिन्छ । यो अवधारणाले हामीलाई व्यवहारिक र स्वस्थ्य तरीकाहरु पालन गर्न र "चेलाहरु बनाउने" कार्यलाई निरन्तरता दिन र मिशन केन्द्रित मण्डली समुदायको रुपमा आवश्यक परिवर्तनहरुको लागि सहायता गर्छ ।






तपाईले रुखलाई हेर्नुपर्छ र जङ्गललाई पनि हेर्नु पर्छ ।

**सिद्धान्त ।** मण्डली खीष्टको शरीरको रुपमा एउटा जीवीत जीव हो, र सोही समयमा यसको अस्तित्व ठोस छ, दृश्य संस्थाहरु (समुदायहरु, सम्प्रदायहरु) जसद्धारा परमेश्वरले संसारमा काम गर्नुहुन्छ । जति धेरै हामीले कसरी संस्थाले काम गर्छ भनी बुझ्छौं, त्यत्ति नै हाम्रो समुदायहरुले राम्ररी काम गर्नको लागि सहायता गर्न सक्नेछौं ।

**अभ्यास ।** छरिएको अंकहरु

तपाईको लागि अंकहरु पत्ता लगाउनको लागि र क्रमश (१ देखि शुरु गरेर) गोलोकार चिन्ह लगाउनको लागि तपाईले कति सम्म गर्न सक्नुहुन्छ जाँच्नको लागि ३० सेकेण्ड समय छ । अंक १ लाई खोज्नुहोस्, गालाकार चिन्ह लगाउनुहोस्, त्यसपछि अंक २ लाई खोज्नुहोस्, र आदि ।

तपाईले गोलाकार चिन्ह लगाउनुभएको सबैभन्दा ठुलो अंक लेख्नुहोस् : ________




**यसले यी कुराहरुको महत्व देखाउँछ :**

- ढाँचा
- क्रम
- कार्यक्षमता
- डिजाइन
- संस्थागत योजनालाई बुझ्नु

**छरिएको अंकहरुको अभ्यास ।** सहभागीको निर्देशिकामा दिइएको निर्देशनहरुलाई पक्ष्याउनुहोस् । मानिसहरुलाई अंक पत्ता लगाउन र १ देखि शुरु गरेर गोलाकार चिन्ह लगाउनको लागि ३० सेकेण्ड दिनुहोस्, र तिनीहरुले कति सम्म गर्न सक्छन् हेर्नुहोस् । तिनीहरुले अंक १ लाई हेर्नेछ, त्यसलाई गोलाकार चिन्ह लगाउनुहोस्, त्यसपछि अंक २ लाई हेर्नेछ, त्यसलाई गोलाकार चिन्ह लगाउनुहोस्, त्यसपछि अंक ३ लाई हेर्नेछ, त्यसलाई गोलाकार चिन्ह लगाउनुहोस्,आदि, समय बाँकी भएसम्म । ३० सेकेण्डको अन्त्यमा, मानिसहरुले तिनीहरुले गोलाकार चिन्ह लगाएको सबैभन्दा ठुलो अंक लेख्न लगाउनुहोस् ।
त्यसपछि अभ्यासको दोस्रो खण्डलाई पुरा गर्नुहोस् । यो पटक, मानिसहरुलाई सोही कुरा गर्न लगाउनुहोस् (गोलाकार चिन्ह लगाउने र कति अंकसम्म गर्न सक्छन् हेर्नुहोस्), तर गोलाकार चिन्ह लगाउन शुरु गर्नु अघि तिनीहरुलाई यी कुराहरु बताउनुहोस् :

क. अंकहरु चारवटा चतुरार्थहरुमा विभाजन गरिएको छ । १ देखि ६ सम्मको अंकहरु माथिल्लो आधा भागमा छ, र त्यसपछि अर्को (७ देखि १२ अंकहरु) तल्लो आधा भागमा छ । त्यसपछिको अर्को ६ वटा (१३ देखि १८ अंकहरु) माथिल्लो आधा भागमा छ, र त्यसपछि अर्को (१९ देखि २३ अंकहरु) तल्लो आधा भागमा छ, आदि ।

ख. साथै, एउटै चतुरार्थमा दुईवटा क्रमिक अंकहरु छैनन् । त्यसैले, उदाहरणको लागि, १ देखि ६ सम्मको अंकहरु, माथिल्लो आधा भागको दायाँ बायाँ छन् ।

मानिसहरुलाई यी दुई कुराहरु भनिसकेपछि, तिनीहरुलाई ३० सेकेण्ड समय दिएर तिनीहरुले सकेसम्म धेरै अंकलाई चिन्ह लगाउन लगाएर यो अभ्यासलाई दोहोऱ्याउन लगाउनुहोस् । ३० सेकेण्डको अन्त्यमा, मानिसहरुलाई आफ्नो हात उठाउन भन्नुहोस् कि कतै कसैले दोस्रो पटक अझ ठुलो अंकसम्म पुग्न सक्नुभयो कि । प्राय सबैजसो माथिल्लो अंक पुग्नेछ । सहभागीहरुलाई सोध्नुहोस् कि दोस्रो पटक किन तिनीहरु अझ माथिल्लो अंकसम्म पुग्ने सक्यो । सादय तिनीहरुले भन्लान् कि दोस्रो पटकमा तिनीहरुले व्यवस्थालाई बुझ्न सके, वा अंकहरु कसरी मिलाएर राखिएको थियो भनि बुझ्न सके, आदि ।

यो अभ्यासको उद्देश्य व्यवस्था कसरी मिलाइएको हुन्छ भनि बुझ्नुको महत्वलाई देखाउने हो । त्यस्तै प्रकारले, मण्डली वृद्धिको गतिशीलताको बारेमा बुझाइले परमेश्वरले हामीलाई दिनुभएको सेवकाईलाई प्रभावकारी रुपमा वृद्धि गर्न सहायता गर्छ ।

# संगठनको तत्वहरु

## चित्र १ । विश्वासी समुदायलाई असर पार्ने वाह्य तत्वहरु




- केहि वाह्य तत्वहरु सम्झौता गर्न सकिने र लचकदार हुन्छन् ।
- केहि वाह्य तत्वहरु सम्झौता गर्न नसकिने - स्थिर हुन्छन् ।

क्रियाकलाप :

तपाईको समुदायलाई प्रभाव पारेको एउटा वाह्य तत्वको उदाहरण दिनुहोस् । के त्यो सम्झौता गर्न सकिने छ वा स्थिर छ ?

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

__________________________________________________

### तपाईको मण्डलीको अगुवाहरुसँग फलोअप :

- तपाईको समुदायलाई प्रभाव पार्ने र आकार दिने केहि वाह्य तत्वहरु पहिचान गर्नुहोस् । कुन चाँहि बढी सम्झौता गर्न सकिने छ ? कुन त्यत्ति लचकदार छैन ?

**नोट ।** सम्पूर्ण कार्यशाला मध्ये यो सबैभन्दा प्राविधिक भाग हो । यदि तपाईलाई चित्रहरु बुझ्नलाई समस्या भयो वा तपाईको दर्शकहरुलाई त्यो सहयोगी हुने छैन जस्तो लाग्यो भने, सहभागीको लागि निर्देशिका पृष्ठ २८मा भएको "रातो कार्पेट" अभ्यासमा सिधै स्वतन्त्रतासाथ जानुहोस् ।

व्यवस्थाको बारेमा प्रमुख अवधारणा । एउटा संगठनमा आन्तरिक र वाह्य दुवै तत्वहरु हुन्छन् । सहभागीहरुलाई याद दिलाउनुहोस् कि संस्थागत मण्डली एउटा दृश्य संगठन हो जसले परमेश्वरको महिमाको लागि र येशु खीष्टको मण्डलीको वृद्धिको लागि मानिसहरु र समुदायहरुको रुपान्तरणको खोजी गर्दछ ।

**संगठनको तत्वहरु**

/सिमितताहरु

यी जीवको वाह्य सिमाहरु हुन् जसले यसलाई अन्य जीवहरु देखि अलग राख्छ । वाइवलीय मान्यताहरु, हाम्रो निश्चित धार्मिक चलन, र हाम्रो संगठनको ईतिहास र मान्यताहरु जसले हामी को हौं र हामीले के गर्नेछौं भनि परिभाषित गर्छ ।

उदाहरणको लागि, एउटा स्वस्थ मण्डलीले वाइवलीय सिमितताहरुलाई पक्ष्याँउछ र त्यसको सदस्यहरुलाई कुरा काट्ने अनुमति दिँदैन (लेवी १९:१६, भजन ३४:१३, याकुब ४:११) । सिमिततामा भौतिक सिमितताहरु, जस्तो कि मण्डलीको भवन र स्रोतहरु ।


- कतिपय कुराहरु सम्झौता गर्न सकिने र लचकदार हुन्छन् । साँस्कृतिक अभ्यासहरु र मण्डली समुदायको वानीहरु परिवर्तन हुन सक्छन् । धार्मिक रितिरिवाजहरु विभिन्न तरीकाहरुले आउँछ, र मान्यताहरु परमेश्वरले हामीलाई के हुन भनि बोलाउनुभएको छ भन्ने सँगै हामी हुर्कंदा परिवर्तन हुन्छन् ।
- कतिपय तत्वहरु सम्झौता गर्न नसकिने हुन्छन् - तिनीहरु स्थिर हुन्छन् । उदाहरणको लागि, वाइवलीय आज्ञाहरु सम्झौता गर्न नसकिने हुन्छन् ।

**सन्दर्भ ।** प्रत्येक जीव कुनै एउटा अवस्थामा अस्तित्वमा रहेको हुन्छ । प्रत्येक समुदायले आफूलाई कुनै एउटा निर्धारित स्थानमा, समयको कुनै एउटा निर्धारित विन्दुमा पाउँछ । हाम्रो वरिपरिको कुराहरुको बारेमा सचेत हुनाले (हाम्रो संस्कृति, मानिसको जीवनशैली, आदि) सुसमाचारलाई अझ बढी प्रभावकारी ढँगले संचार गर्न हामीलाई सक्षम बनाउँछ ।

पक्ष्याउने क्रियाकलापमहरु । तपाईको मण्डलीको अगुवाहरुलाई तिनीहरुलाई आफ्नो छिमेकको बारेमा थाहा भएको प्रत्येक कुराहरुको सुचि बनाउन लगाउनुहोस् । छिमेकीहरुको बारेमा धेरै थाहा पाउन र मण्डलीको बारेमा तिनीहरुको धारणा पत्ता लगाउनको लागि तिनीहरुसँग अर्न्तवार्ता लिनुहोस् ।

सहभागीको निर्देशिकामा सुचिकृत भएको संगठनको तत्वहरुको विवरण र व्यवस्थाको प्रमुख अवधारणाहरुको बारेमा तल दिइएको छ । सहभागीको निर्देशिकाको पाना न. २५-२७मा भएको तीनवटा चित्रहरुको आधारमा यी तत्वहरु र अवधारणाको व्याख्या गर्नुहोस् । तत्वहरु र अवधारणाको व्याख्या गर्न सहयोगको लागि तपाईको आफ्नै उदाहरणहरु प्रयोग गर्नुहोस् ।

## चित्र २। समुदायको आन्तरिक तत्वहरु




**आन्तरिक तत्वहरु ।** संगठनको रुपमा मण्डलीहरुमा धेरै भागहरु छन् जसले तिनीहरुको कसरी कार्य गर्छन् भनि प्रभाव पार्छ । अगुवाहरु, कार्यक्रमहरु, सदस्यहरु, र स्रोतहरु सबैले सकरात्मक वा नकरात्मक प्रभाव पार्छन् ।

मण्डली खीष्टको अगुवापन मुनि हुन्छ, र त्यसको उद्देश्य सुसमाचार घोषणा गर्नु र अरुहरु खीष्टलाई प्रभु भनि स्वीकार गर्न आउने गरी सुसमाचारीय जीवन जीउनु हो । मण्डलीमा विभिन्न उप व्यवस्थाहरु हुन्छन् जस्तै : अगुवापन, विश्वासीहरुको संरचना, सदस्यहरु, कार्यक्रमहरु, संचारको माध्यमहरु, र स्रोतहरुको प्रयोग । जब यी उपव्यवस्थाहरुलाई मण्डलीको मिशन तर्फ डोऱ्याइन्छ र राम्ररी काम गरिरहेको हुन्छ, मानिसहरुको जीव्न र समाजहरु सुसमाचारको शक्तिद्धारा रुपमान्तरण हुन्छ । जब कुनै एउटा उपव्यवस्थामा कुनै कुरा विग्रन्छ अरुहरु पनि प्रभावित हुन्छन् । यो हुनुको कारण उपव्यवस्थाहरु अन्तरसम्बन्धित र अन्तर निर्भर छन् ।

- प्रत्येक मण्डलीमा उपव्यवस्थाहरु हुन्छन् जसले मण्डलीले कसरी कार्यहरु गर्छन् भनी प्रभाव पार्दछ ।

**क्रियाकलाप :**
तपाईको समुदायको केहि उपव्यवस्थाहरुको पहिचान गर्नुहोस् (कार्यक्रमहरु, सेवकाईहरु, समितिहरु, आदि ।) । तिनीहरु कसरी सम्बन्धित छन् ?

______________________________________________
______________________________________________
______________________________________________
______________________________________________
______________________________________________

### तपाईको मण्डलीको अगुवाहरुसँग फलोअप :

- तपाईको मण्डलीको विभिन्न भागहरु र प्रत्येकको आशिषहरु र चुनौतिहरु पहिचान गर्नुहोस् ।


**समायोजन र अन्तरनिर्भरता ।** व्यवस्थाको भागहरु अन्तर सम्बन्धित हुन्छन् र साथै एक अर्कामा प्रभाव पर्दछ । समुदायमा, मण्डली जीवनको एक भागमा भएको कुनै कुराको प्रभाव अर्को भागमा हुन्छ । उदाहरणको लागि, आर्थिक क्षेत्रमा भएको समस्या विभिन्न कार्यक्रमहरुको लागि चुनौतिहरु हुनसक्छ, जबकी धेरै सदस्यहरुले तिनीहरुको वरदानहरुलाई प्रयोग गरेको मण्डलीको कार्यक्रमहरुको लागि आशिष हुन सक्छ ।

**उद्देश्य ।** प्रत्येक व्यवस्थाको एउटा निश्चित उद्देश्य छ । मण्डलीको उद्देश्य परमेश्वरले धर्मशास्त्रमा के सिकाउनुभएको छ भन्ने कुराबाट निर्धारण हुन्छ : खीष्टमा जीवनको नयाँ सुसमाचारको घोषणा गर्नु र मानिसहरुलाई परमेश्वरको इच्छा अनुसार जीउन सिकाउनु । (मत्ती २८:१९-२०) । जब मण्डलीले चेला निर्माणको मिशनलाई वेवास्ता गर्छ, त्यो परमेश्वरको डिजाइन अनुसार जीउन असफल हुन्छ ।

**सुदृढीकरण ।** एउटै लक्ष्य हासिल गर्ने धेरै तरिकाहरु हुन सक्छन् । यसले व्यवस्थाहरुलाई लचकदार र समायोजन गर्न लगाउँछ । उदाहरणको लागि, एउटा मण्डलीले छिमेकमा रहेका एकल आमाहरुलाई खाधान्नहरु किनिदिन नसक्लान्, तर कोहि मानिसहरु हुनसक्छन् जसले नानीहरुको विधालय समय पछिको क्रियाकलापहरुमा सहायता गर्न सक्छन् जुन समय एक आमाहरु काममा हुन्छन् ।

**आकस्मिक योजनाहरु ।** संगठनहरु अनुमान गर्न नसकिने वातावरणहरुमा कार्य गर्छ र आकस्मिक योजनाहरु - यदि वास्तविक योजना असफल भएको खण्डमा प्रयोगमा ल्याउने योजनाहरु - बनाउन सक्षम हुनु खाँचो छ । स्वस्थ व्यवस्थासँग वैकल्पिक योजनाहरु हुन्छन् ताकि त्यसले अझै पनि लक्ष्यहरु हासिल गर्न सकोस् जब कुराहरु गलत हुन पुग्छ । उदाहरणको लागि, वाहय सुसमाचारीय कार्यक्रमको योजना बनाउएको मण्डलीले पानी परेको खण्डमा के गर्ने भनी “योजना ख” बनाउनु बुद्धिमानी हुन्छ ।

## चित्र ३ । वाह्य र आन्तिरिक तत्वहरु - रुपान्तरण




- विश्वासी समुदायको आन्तिरिक भागहरुले सन्दर्भलाई सुहाँउदो तरीकाले मण्डलीको मिशनको सेवा गर्दा समुदाय र समाजमा सकरात्मक रुपान्तरण हुन्छ ।
- विश्वासी समुदायको आन्तिरिक भागहरुलाई मण्डलीको दर्शन र मिशनतर्फ अगुवाई नगर्दा सकरात्मक रुपान्तरण ढिलो हुन्छ वा रोकिन्छ ।

### व्यवस्थाको प्रमुख अवधारणाहरु

- सन्दर्भ
- एकिकरण र अन्तर निर्भरता
- उद्देश्य
- स्थीरता र होमियोस्टासिस1
- समगन्तव्य2
- आकस्मिक योजनहरु3
- ढाँचाहरु र

एउटा स्वस्थ मण्डलीसँग नयाँ मानिसहरुलाई स्वागत गर्ने, तिनीहरुलाई संग्लग्न गर्ने, विश्वासमा हुर्काउने, र तिनीहरुको वरदानहरुलाई प्रयोग गर्न लगाउने तरीकाहरु हुनेछन् ।

एउटा स्वस्थ र वृद्धि भइरहेको मण्डलीले आफ्नो व्यवस्थाको विभिन्न भागहरुको नियमित पुर्नविचार गर्नेछ । त्यसले त्यसको सन्दर्भको बारेमा धेरै सिक्नेछ, कार्यक्रमहरु कसरी अगाडी बढीरहेको छ मुल्याँकन गर्छ, स्रोतहरु राम्ररी प्रयोग भईरहेको छ भनी सुनिश्चित गर्न जाँच गर्छ, आदि ।

**रुपान्तरण ।** प्रत्येक व्यवस्थाले एउटा निश्चित उद्देश्य पुरा गर्ने काम गर्छ । मण्डलीको उद्देश्य मानिसहरुलाई ख्रीष्टसँग भेट गर्न अगुवाई गर्ने हो ताकि मण्डलीले तिनीहरुको जीवनहरु र समाजहरु रुपान्तरण गर्न सकियोस् ।

यो चित्रले वाह्य र आन्तिरिक तत्वहरु दुवैलाई एउटै चित्रमा देखाउँछ ।

- यदि ५, १० वा २० नयाँ परिवार तपाईको मण्डलीमा गाँभियो भने के हुनेछ ?
- मण्डलीमा आएका नयाँ मानिसहरुमध्ये, के त्यहाँ कोहि हुनेछ जोसँग गाउने र आराधना अगुवाई गर्ने वरदानहरु भएकाहरु हुन्छन् ?
- के गाँभिएनेहरु भद्र सहमति जनाउने मानिसहरु हुन्छन् ?
- के बलियो अडान भएकाहरु पनि त्यहाँ केहि थोरै मात्रामा हुनेछ ?
- के गम्भिर समस्या भएकाहरु पनि त्यहाँ केहि थोरै मात्रामा हुनेछ ?
- के कुरा काट्नेहरु पनि त्यहाँ हुनेछ ?

यी प्रश्नहरुले सहभागीहरुलाई तिनीहरुकाले वर्तमान मण्डलीलाई वृद्धिले कसरी असर पार्छ भनी विचार गर्न लगाउँछ । ८० जना सदस्यहरु भएको मण्डलीमा एक वर्षमा जब २० वा ३० जना थपिँदा त्यसले ठुलो मात्रामा परिवर्तनको अनुभव गर्नेछ र त्यसको व्यवस्थामा प्रभाव पर्नेछ । मण्डलीको अगुवापन यो प्रभावलाई स्वस्थ तरीकाले सम्हाल्न तयार हुनु महत्वपूर्ण छ जसले मण्डली वृद्धि हुन दिन्छ । यहाँ दुईवटा उदाहरणहरु छन् जसले मण्डली वृद्धिमा सन्तुलनको महत्वलाई जोड दिनको लागि प्रयोग गर्न सक्नुहुन्छ ।

- यदि तपाईले सुपमा धेरै नुन राख्नुभयो भने त्यसले स्वादलाई बदल्छ । तपाईले धेरै नुन थप्न सक्नुहुन्छ तर स्वादलाई सन्तुलित राख्नको लागि कुनै विन्दुमा तपाईले थप पानी, सागसब्जीहरु, मासु र अन्य कुराहरु थप्नुपर्ने हुन्छ । तपाईले नुनमात्र थपिरहन सक्नुहुन्न ।
- मानिसको शरीर एउटा व्यवस्था हो जुन स्वस्थ रहनको लागि सन्तुलित राख्नु खाँचो छ । यदि तपाईको मुटु एकदम राम्रो अवस्थामा छ तर तपाईको कलेजो ठिक छैन भने बलियो मुटु हुनको लागि त्यसले सहायता गर्दैन । राम्रो हुनको लागि तपाईको सबै अंगहरु स्वस्थ रहन खाँचो छ ।

---

[1] कुनै निश्चित अवस्थालाई कायम राख्न संगठनको आन्तरिक वातावरणलाई संचालन गर्नको लागि जीवको क्षमता ।
[2] विभिन्न उपायहरुद्धारा एउटै लक्ष्यहरु हासिल गर्ने क्षमता ।
[3] यदि वास्तविक योजना असफल भएको खण्डमा प्रयोगमा ल्याउने योजनाहरु ।

## तपाईको मण्डलीको अगुवाहरुसँग फलोअप :

तपाईको मण्डलीको विभिन्न क्षेत्रहरुले कस्तो गरिरहेको छ र तपाईले काम गर्न चाहनुभएको क्षेत्र कुन हो भन्ने बारेमा कुराकानी गर्नुहोस् ।

- तपाईको मण्डलीको अगुवाहरुलाई तपाईको छिमेकका मानिसहरुको बारेमा थाहा भएको सबै कुराको (तिनीहरुको चाहनाहरु, खाँचोहरु आदि) सूचि बनाउन लगाउनुहोस् ।
- छिमेकको बारेमा धेरै पत्ता लगाउनको लागि र मण्डलीको बारेमा तिनीहरुको धारणा थाहा पाउनको लागि तिनीहरुसँग अर्न्तवार्ता लिनुहोस् ।
- के तपाईलाई तपाईको सन्दर्भको बारेमा यथेष्ट थाहा छ ?
- के तपाईको सदस्यहरुले तिनीहरुको आफ्नो वरदानहरुलाई प्रयोग गर्छन् ?
- के सेवकाईहरु मण्डलीको दर्शन र मिशन केन्द्रित छन् वा अन्य कुनै उद्देश्यहरु केन्द्रित छन् ?

**अभ्यास ।** "रातो कार्पेट"

बीस वर्ष अगाडी, "जीवीत पानी" मण्डलीले आफ्नो नयाँ मण्डली भवनको अर्पण गऱ्यो । माईकल स्मिथ नाम गरेको एक जना डिकन जो त्यो समयमा ६७ वर्ष पुगेको थियो, उहाँलाई मन पर्ने रँग रातो भएकोले कार्पेट रातो रँगको नै किन्नुपर्छ भनेर आर्थिक अनुदान दिनुभयो । उहाँको परिवार सहित सबैजनाले जसको मण्डलीमा ठुलो प्रभाव भएकाले माईकलको इशारा प्रशंसा गऱ्यो, र रातो कार्पेट विछ्याइयो ।

अब, बीस वर्ष पश्चात, मण्डली भवन संरचना कमिटीले कार्पेट फेर्ने र फरक भूई विक्ष्याउने ताकि आराधनाको भवन अन्य दिनहरुमा पनि अन्य क्रियाकलापहरुको लागि पनि प्रयोग गर्न सकियोस् भनि विचार गऱ्यो (जस्तै बाल क्लब र समाजमा भएका मानिसहरुको लागि निशुल्क खाना) । तिनीहरुले भवन पुर्नसंरचनाको लागि संकलन गरिएको कोषलाई नयाँ भूईको लागि प्रयोग गर्ने विचार गरिरहेको थियो । हालै, उहि वृद्ध सदस्य माईकलले पुर्नसंरचनाको लागि उल्लेख्य अनुदान गऱ्यो र तिनीहरुलाई रातो कार्पेट फेरि किन्नको लागि अनुरोध गऱ्यो । उसको परिवारले यस अनुरोधमा सहमत जनायो, तर भवन संरचना कमिटीले बहु उद्देश्य भूई राख्न चाह्यो ।

पास्टरलाई चिन्ता भयो । उहाँ मण्डलीमा माईकल र उहाँको परिवारको प्रभावको बारेमा सचेत थियो, तर उहाँले भवन संरचना कमिटीलाई पनि विविध प्रयोगको लागि उपयोगी भवन निर्माणको लागि आवश्यक परिवर्तन गर्न अधिकार पनि दियो । उहाँले मानिसहरु भूईंका बारेमा, जुन समाजको लागि एकदम खाँचो छ, एकदमै विवाद गर्न लागिरहेको कुरा विश्वास गर्न नसकेतापनि त्यहाँ केहि मानिसहरु दुवै पक्षमा छन् जसले तिनीहरुले भने जस्तै निर्णय नभएको खण्डमा मण्डलीको सदस्यता छोड्ने धम्की दिए ।

**अभ्यास । रातो कार्पेट**

यो अभ्यास सेसन ४को सबैभन्दा महत्वपूर्ण भाग हो । वर्णन गरिएको समस्याले धेरै छलफल र शिक्षा ल्याउनुपर्छ । सहभागीहरुको लागि निर्देशिकामा भएको जानकारीलाई पढ्नुहोस्, अभ्यासहरुको व्याख्या गर्नुहोस्, र दिइएको प्रश्नहरुको जवाफको लागि सहभागीहरुलाई ५-८ जनाको समूहहरुमा विभाजन गर्नुहोस् । यो अभ्यास पूरा गर्नको लागि कम्तिमा २०-३० मिनेट समय लाग्छ ।

यो अभ्यासको मुख्य बुँदा सहभागीहरुले मण्डली सेवकाईमा कुनै निश्चित निर्णयहरु गर्दाको जटिलताहरु र एउटा बद्लाउले मण्डलीको जीवनको अन्य क्षेत्रहरुमा पार्ने प्रभावहरुको तरीकाहरु बुझ्नु भन्ने हो । समस्याको समाधान पत्ता लगाउनु त्यत्ति धेरै महत्वपूर्ण छैन, तर सहभागीहरुले मण्डली विश्वासीहरुको बीच घट्नाको जटिलताहरुको हेक्का पाउनु महत्वपूर्ण छ - प्रत्येक निर्णयहरुको मण्डलीको जीवनको विभिन्न क्षेत्रहरुमा सम्भाव्य प्रभावहरु ।

यो अभ्यासको अन्त्यमा, दुई वा तीन समूहहरुलाई ( समयले भ्याएमा) निर्देशिकामा भएका प्रश्नहरु मध्ये कुनै एउटाको जवाफ समूहबाट एकजनालाई सबैजनाको अगाडी बाँड्न र यस्तो अवस्थामा तिनीहरुको समूहले कस्तो निर्णय गर्नेछ भन्न लगाउनुहोस् ।

क. माईकलको एकजना आफन्त, जो मण्डली नआएको लामो समय भएको थियो, ले भन्यो कि कमिटीले माईकलको अनुदान र अनुरोधलाई आदर गरिएन भने मण्डली कहिल्यै फर्केर आँउदिनँ ।

ख. दिदी बहिनी सेवकाईको एक जना पुरानो सदस्य जसले समुदायमा सुसमाचारको काम गर्दै आईरहेको थियो उनले भन्यो कि यदि कमिटीले मण्डलीको सेवकाईको खाँचो भन्दा माथि कुनै एकजना मानिसको चाहनालाई राखेमा अर्को मण्डली खोज्नुपर्ने हुन्छ ।

ग. साना नानीहरुको साथमा विभिन्न परिवारहरुले भन्यो कि समुदायले बालकहरुको सेवकाईको क्षेत्रमा धेरै ध्यान दिनु खाँचो छ ।

अझ जटिल कुरा यो भयो कि माईकल स्मिथ विरामी भयो र उनको मुटुको अपरेशन भयो ।

कमिटीले पास्टरलाई आज साँझ हुने बैठकमा वर्तमान अवस्थाको बारेमा छलफल गर्नको लागि निमन्त्रणा गऱ्यो ।

३ - ५ जनाको समूहमा, कल्पना गर्नुहोस् कि तपाई कमिटी हुनुहुन्छ र वर्तमान अवस्थाको बारेमा छलफल गर्नको लागि पास्टर सँग बैठक बस्दै हुनुहुन्छ । घट्नालाई विचार गर्न सहयोग पुऱ्याउनको लागि यी प्रश्नहरुलाई प्रयोग गर्नुहोस् र प्रस्तावित सुझावको सिफारिस गर्नुहोस् ।

१. के मण्डलीमा भएको यो अवस्थाले समाजमा प्रभाव पार्छ ? कसरी ?

२. के यो अवस्थाले तल सूचिकृत गरिएको मण्डलीको क्षेत्रहरुमा प्रभाव पार्छ ? कसरी ?

| | | |
|---|---|---|
| स्थान | अगुवापन | संगठनात्मक ईतिहास |
| दर्शन ⁄ उद्देश्य | सदस्यहरु | मण्डलीको मान्यताहरु |
| स्रोतहरु | संरचना | अन्य क्षेत्रहरु |
| कार्यक्रमहरु | वातावरण ⁄ संचार | |

३. मण्डलीसँग कुन विकल्पहरु छन् ? प्रत्येक विकल्पको सम्भाव्य परिणामहरु के के हुन् ?

४. सम्पूर्ण व्यवस्थालाई विचार गरी मण्डलीको दर्शन र मिशनमा आधारित भएर मण्डलीले कसरी यो निर्णय गर्न सक्छ ?

**निष्कर्श ।** कार्यशालाको अन्त्यमा :

१.सहभागीहरुलाई मुल्याँकन फारम भर्न लगाउनुहोस् ।

२. यदि सम्भव भएमा बृद्धि संजाललाई पठाउनको लागि तपाईको कार्यशालाको एउटा फोटो खिँच्नुहोस् ।

३. सहभागीहरुलाई बृद्धि संजालले दिएको स्वस्थ मण्डली विकास प्रकृयालाई निरन्तरता दिनको लागि प्रोत्साहन गर्नुहोस् :

- तपाईको मण्डलीलाई सुदृढ गर्ने कार्यशाला पछि तपाईको विश्वासीहरुको लागि अर्को चरण स्वस्थ मण्डलीको विशेष तत्वहरु र कार्यहरुको व्यक्तिगत अध्ययन गर्ने जसलाई “तपाईको मण्डलीको नाडी छाम्नु” । यसको बारेमा जानकारीको लागि बृद्धि संजानको वेभसाईट वा प्रतिनिधिलाई सम्पर्क गर्नुहोस् ।
- मण्डली स्थापनामा संग्लग्न भएका वा चाख राखेका मण्डलीहरु “धेरै मण्डलीहरु” नामक कार्यक्रममा सहभागी हुन चाहन सक्छन् ।
- प्रार्थनाद्धारा अन्त्य गर्नुहोस् ।

## कार्यशालाको निष्कर्श

फरक छाप पार्ने मण्डलीले :

१. महान आज्ञा पालन गर्छ (मत्ती २२:३७)

- परमेश्वरलाई सम्पूर्ण हृदयले प्रेम गर्छ ।
- छिमेकीलाई आफूलाई झैं प्रेम गर्छ ।

२. महान आदेश पूरा गर्छ (मत्ती २८ :१८-२०)

- जाओ र चेलाहरु बनाओ
- तिनीहरुलाई बप्तिष्मा देओ
- येशूले सिकाउनुभएको सबै कुराहरु पालन गर्न सिकाओ

प्रत्येक मण्डली परमेश्वर प्रतिको प्रेममा, अरुलाई परमेश्वरको प्रेममा, र तिनीहरु जो अझै पनि परमेश्वरलाई चिन्न खाँचो छ, बृद्धि हुनको लागि बोलाईएको छ । एउटा फरक छाप पार्ने मण्डलीले त्यो सर्वाङ्गिण मिशन त्यसको उद्द्देश्य हो भनि बुझेको हुन्छ र नयाँ जन्मेकाहरुलाई फलोअप गर्छ ।

संसारमा भएका तिव्र वृद्धि भईरहेको मण्डलीहरुले यो वाक्यांशलाई अँगालेको हुन्छ :

"**महान आज्ञा** र **महान आदेश**

प्रतिको **महान प्रतिवद्धता**ले

एउटा **महान मण्डली** बनाउँछ ।"

**स्थानीय मण्डलीको प्रस्तोताको लागि विवरणहरु ।** सहभागीहरुको लागि निर्देशिकाको यो पानामा यदि पास्टर वा अगुवाले यो कन्फेन्सलाई उसको आफ्नो स्थानीय मण्डली वा सम्प्रदायमा आयोजना गर्न चाहन्छ भने तपाईले पक्ष्याउनु पर्ने आधाराभूत चरणहरु पाउनुहुनेछ । साथै तपाईले बृद्धि संजाललाई अब पठाउनु पर्ने प्रतिवेदनको विवरणहरु पनि पाउनुहुनेछ ।

कृपया भविष्यमा यो कार्यशालालाई अगुवाई गर्न सक्ने मानिसहरुलाई हेर्नुहोस् । अगुवाहरुलाई भविष्यको कार्यशालाहरुको लागि उच्च गुणस्तरिय प्रशिक्षकहरुको समूहहरुको बृद्धिको लागि खोजी गर्ने तरीकाहरु महत्वपूर्ण छ ।

**मुल्याँकन ।** प्रत्येक कार्यशाला सहभागीहरुलाई मुल्याँकन फारम भरेर निष्कर्श गरिनुपर्छ । सहभागीहरुको कमेन्टहरुलाई पुर्नविचार गरिसकेपछि, कृपया यी फारमहरु (पवा प्रतिक्रियाको सारांश) तपाईको नजिकैको बृद्धि संजाल प्रतिनिधिलाई पठाउनुहोस् वा हाम्रो वेभसाईट www.multiplicationnetwork.orgमा भएको प्रतिवेदन फारममा भर्नुहोस् ।

**प्रमाणपत्र ।** धेरै कार्यशालाहरु सहभागीहरुलाई प्रमाणपत्रहरु प्रदान गरेर अन्त्य गरिन्छ । यदि तपाई पनि चाहनुहुन्छ भने, तपाईले यो प्रमाण पत्रलाई फोटोकपी गर्न सक्नुहुन्छ वा तपाईको कार्यशालालाई सहयोग गरेको मण्डलीको लोगोलाई प्रयोग गरेर उस्तै खालको बनाउन सक्नुहुन्छ ।

# सूचि । ईश्वरशास्त्रीय जगहरु

स्टुआर्ट मुर्रेले आफ्नो पुस्तक जग बसाल्नु मा ईश्वरशास्त्रीय आधारहरुलाई सारांश गर्नुभएको छ। मण्डली वृद्धि र नयाँ समुदायको स्थापना दुवैको कम्तिमा तिनवटा जगहरुमा आधारित हुन्छन् :

**१. देहधारण**

जसरी परमेश्वर आफूलाई मानिसहरुको माझमा चिनाउन येशूमा देहधारण हुनुभयो, मण्डली कुनै निर्धारित समुदायमा तिनीहरुको खाँचोमा देहधारण हुनुपर्छ र सम्पूर्ण सुसमाचारको सन्देशलाई पुऱ्याउनु पर्छ। विश्वासी समुदाय मानिसहरुलाई खीष्टमा सुसमाचारको नयाँ जीवन चिनाउने कुनै निर्धारित स्थानको लागि खीष्टको शरीर हो।

**मूख्य पदहरु।** फिलिप्पी २:५-८
यूहन्ना १:१, १:१४

*"इतिहास भरि नै धेरै मानिसहरु छन् जो ईश्वरहरु जस्तै हुन चाहेका छन्, तर एक जना परमेश्वरमात्र हुनुहुन्छ जो मानिस हुनुभयो। "*

**२. मिशिओ डे : "परमेश्वरको मिशन"**

वाइवलको परमेश्वर एक परमेश्वर हुनुहुन्छ जो निरन्तर रुपमा हराएकाहरुलाई खोज्नुहुन्छ र खाँचोमा रहेकाहरुलाई मुक्ति दिनुहुन्छ र रुपान्तरण गर्नुहुन्छ। सोहि प्रकारले, मण्डलीले चेलाहरु बनाउने आफ्नो आदेश, समाजको परिवर्तन, र परमेश्वरको तर्फबाट परिवर्तनको दुत र परमेश्वरसँग अघि नै रहेको उहाँको क्रियाकलापहरुमा परमेश्वरलाई पक्ष्याउनै पर्छ।

**मूख्य पदहरु।** यूहन्ना ३:१६
मत्ती २८:१८-२०, मर्कूस १६:१५-१६, लुका २४:४६-४९

*"आगोको अस्तित्व बलिरहेमा भए जस्तै मण्डलीको अस्तित्व त्यसको मिशनबाट हुन्छ।"*
*- इमिल ब्रुनर*

**३. परमेश्वरको राज्य**

येशुले घोषणा गर्नुभएको र औंल्याउनु भएको कुरा मण्डलीले घोषणा गर्छ र औंल्याउँछ - आउन लागेको परमेश्वरको राज्य। मण्डलीले परमेश्वरको असल, सृष्टि र उहाँको सृजना माथिको सार्वभौम शासनलाई औंल्याउँछ, संकेत गर्छ, देहधारण गर्छ र सिकाँउछ।

**मूख्य पदहरु।** १ पत्रुस २:९-१२
कलस्सी १:१३

*"पहिले परमेश्वरको राज्य र उहाँको धार्मिक्ताको खोजी गर,*
*र सबै कुराहरु तिमीहरुका निम्ति थपिनेछ।"*
- येशू खीष्ट (मत्ती ६:३३)

**नोटहरु ।**

## मूल्याँकन फारम ।

१. तपाईले यो तपाईको मण्डलीलाई सुदृढ पार्ने कार्यशालालाई कसरी मूल्याँकन गर्नुहुन्छ ?

सर्वोत्कृष्ट एकदम असल असल औसत कमजोर

२. के तपाईले यो कार्यशाला अन्य कसैलाई सिफारिस गर्नुहुन्छ ?

गर्छु शायद गर्छु गर्दिन होला गर्दिन

३. तपाई यो कार्यशालामा के थप्नुहुन्छ ?

४. तपाई यो कार्यशालाबाट के निकाल्न चाहनुहुन्छ ?

५. कार्यशाला अगुवाहरुको तयारीलाई तपाई कस्तो मूल्याँकन गर्नुहुन्छ ?

सर्वोत्कृष्ट एकदम असल असल औसत कमजोर

६. सेसन बुझ्नलाई के चित्रहरु/स्लाईडहरु सहयोगी थियो ?

एकदम सहयोगी केही सहयोगी खासै सहयोगी भएन सहयोगी भएन

७. सेसनको बारेमा तपाईको विचारलाई संकेत गर्ने अंकलाई गोलाकार चिन्ह लगाउनुहोस् :

| | उच्च महत्व | | | | कम महत्व |
|---|---|---|---|---|---|
| **सेसन १ ।** जोश, दर्शन, मिशन | ५ | ४ | ३ | २ | १ |
| **सेसन २ ।** स्वस्थ मण्डलीको पाँच प्रतिबद्धताहरु | ५ | ४ | ३ | २ | १ |
| **सेसन ३ ।** स्वस्थ मण्डलीको पाँच कार्यहरु | ५ | ४ | ३ | २ | १ |
| **सेसन ४ ।** रुपान्तरण व्यवस्था | ५ | ४ | ३ | २ | १ |

८. अन्य कुनै सुझावहरु :

**भविष्यको कार्यशालाहरु ।**

यदि तपाई मण्डलीको पास्टर वा ईसाइ अगुवा हुनुहुन्छ र तपाईको स्थानीय मण्डलीमा यो सम्मेलन आयोजना गर्न चाहनुहुन्छ वा सम्मेलन प्रस्तोताको रुपमा सहभागी हुन चाहनुहुन्छ भने, तपाईले यी कुराहरु गर्न सक्नुहुन्छ :

१. कार्यक्रम आयोजना गर्नुहोस् र www.multiplicationnetwork.org मा निशुल्क उपलब्ध भएको तपाईको मण्डलीलाई सुदृढ गर्नु कार्यशालाको सहजकर्ता र सहभागीहरुको निर्देशिकालाई प्रयोग गरेर अगुवाई गर्नुहोस् ।

२. बृद्धि संजाल सेवकाईको प्रतिनिधिसँग सम्पर्क गर्नुहोस् र तपाईको समुदाय वा समूहमा तालिम अगुवाई गर्नको लागि उहाँसँग सहायता माग्नुहोस् ।

३. तपाईको कार्यशाला पछि, तपाईले तालिम दिनुभएको समूहको फोटो र प्रतिवेदन हामीलाई पठाउनुहोस् । साथै मूल्याँकनको सारांश पनि हामीलाई पठाउनुहोस् । तपाईको सहजताको लागि मूल्याँकन फारम हाम्रो वेभसाइटमा उपलब्ध छ, वा तपाईले सामान्य रुपमा यी जानकारीहरु हामीलाई पठाउन सक्नुहुन्छ :

- तालिम कार्यक्रमको नमूना प्रतिवेदन
- कार्यशाला : तपाईको मण्डलीलाई सुदृढ गर्ने
- मिति
- मण्डलीको नाम
- मण्डलीको ठेगाना
- पास्टरको नाम
- तालिमलाई अगुवाई गर्ने व्यक्ति/मानिसहरुको नाम(हरु)
- तालिम दिइएको सहभागीहरुको संख्या
- छोटो साक्षी
- मूल्याँकनको सारांश

यो सेवकाईलाई बृद्धि गर्नको लागि हामी सदैव नयाँ प्रस्तोताहरुको खोजी गरिरहेका हुन्छौं ।

यदि परमेश्वरले तपाईलाई यस प्रकारले प्रयोग गर्नुहुन्छ भनी महशुस गर्नुहुन्छ भने, कृपया हामीलाई www.multiplicationnetwork.org मा सम्पर्क गर्नुहोस् ।

multiplication network

*more churches, stronger churches*

# *Certificate of Recognition*

For having satisfactorily completed the workshop

# STRENGTHENING YOUR CHURCH: BECOMING A CHURCH WITH AN IMPACT

Sponsored by

Presented to: ______________________________

Place: ____________________ Date: ____________________

*Training Leaders for Church Growth and Church Planting*

www.multiplicationnetwork.org